का.जि.प्र.का.द.नं. १००/०५९/६०
२० माघ २०८१,
आइतबार
2 February, 2025
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २२, अंक ३४५। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




कांग्रेस महाधिवेशन

# ०८४ अघि कि पछि ?

निमिष झा/मध्यान्ह
काठमाडौं, १९ माघ

नेपाली कांग्रेसले विधानअनुसार २०८२ मंसिरमा १५औं महाधिवेशन गर्नुपर्छ । महाधिवेशनका लागि करिब १० महिना बाँकी छ । तर आगामी वर्ष मंसिरमा महाधिवेशन हुने वा नहुने अझै निश्चित छैन ।

महाधिवेशन कहिले गर्ने विषयमा नेताहरू विभाजित छन् । कोही २०८४ मंसिरमा हुने आम निर्वाचन पछि महाधिवेशन गर्नुपर्ने बताउँछन् भने कोही निर्वाचन अघि नै महाधिवेशन गर्नुपर्नेमा जोड दिन्छन् । पार्टी भित्र महाधिवेशन कहिले भन्ने बहस चलिरहँदा नेताहरूले त्यसको तयारी सुरु गरिसकेका छन् ।

कांग्रेसका अधिकाशं नेताहरू नेतृत्व लिनका लागि अहिलेदेखि नै सक्रियतापूर्वक लागि सकेका छन् । पार्टीभित्र नेतृत्वका लागि हाल प्रष्टरूपमा २ गुट देखिएका छन् । संस्थापन पक्षको नेतृत्व पार्टी सभापति शेरबहादुर देउवाले गरेका छन् भने अर्को गुटको नेतृत्व डा. शेखर कोइरालाले गरिरहेका छन् । तर, गुटभित्र अन्य गुटका हाँगाबिगा पनि निस्कन थालेका छन् ।

कांग्रेसको विधानअनुसार हरेक ४ वर्षमा महाधिवेशन गर्नुपर्ने हुन्छ । १४ मंसिर २०७८ मा १४ औं महाधिवेशन सम्पन्न गरेको कांग्रेसले विधानलाई आधार बनाएर १ वर्ष समय थप्न सक्छ। त्यसो भयो भने पनि मंसिर २०८३ मंसिरमा महाधिवेशन गर्नै पर्ने हुन्छ ।



> तोकिएको समयमा महाधिवेशन नभए पार्टी धरासयी हुन्छ र त्यसको असर आगामी निर्वाचनहरूमा पर्छ
> ■ **शेखर कोइराला**, नेता



> २०८४ को स्थानीय र आम निर्वाचनभन्दा अगाडि पार्टीको महाअधिवेशन गनुपर्छ
> ■ **गगन थापा**, महामन्त्री

कांग्रेस महामन्त्री गगन थापाले गत वर्ष ७-१० फागुनमा गोदावरीमा भएको महासमिति बैठकमा मंसिर २०८२ भित्रै १५ औं महाधिवेशन गर्ने प्रस्ताव गरेका थिए । उक्त प्रस्तावलाई पार्टीको केन्द्रीय समिति बैठकले पारित गरिसकेको छ ।

**छैन कार्यतालिका**

कांग्रेसले १५औं महाधिवेशन मंसिर २०८२ सालभित्रै गर्ने निर्णय गरेपनि कार्यतालिका बनाएको छैन । त्यसैले गैरसंस्थापन पक्ष समयमै महाधिवेशन हुनेमा आशंका व्यक्त गर्छन् । विराटनगरमा १८ मंसिरमा भएको एक कार्यक्रममा नेता कोइरालाले भनेका थिए, '१५औं महाधिवेशन समयमा हुने छाँटकाँट देखिरहेको छैन । हामीले यसको लागि दबाब दिनुपर्ने छ ।'

तोकिएको समयमा महाधिवेशन नभए पार्टी धरासयी हुने र त्यसको असर आगामी निर्वाचनहरूमा पर्ने भएकाले त्यसका लागि चनाखो हुनुपर्ने कोइरालाको भनाइ छ ।

शुक्रबार बसेको संसदीय दलको बैठकमा केही नेताहरूले २०८४ निर्वाचन पछाडि पार्टीको महाधिवेशन गर्ने प्रस्ताव गरेका थिए । पूर्वमहामन्त्री डा.शशांक कोइराला र डा. नारायण खड्कालगायतले आम निर्वाचन पछि नै महाधिवेशन गर्नुपर्नेमा जोड दिएका थिए ।

तर शनिबार काठमाडौंमा एक कार्यक्रममा बोल्दै महामन्त्री थापाले महाधिवेशन २०८४को निर्वाचन अघि गर्नुपर्ने बताए । 'संविधानमै कुनै पनि पार्टीको एउटा महाअधिवेशन र अर्को महाअधिवेशनको समय ५ वर्षको व्यवस्था गरिएको छ,' थापाले भने, 'त्यसैले २०८४ को स्थानीय र आम निर्वाचनभन्दा अगाडि पार्टीको १५ औं »» पृष्ठ २ मा

## टेलिफोन प्रेम, यौन प्रस्ताव अनि हत्या





मध्यान्ह संवादतादा
काठमाडौं, १९ माघ ।

किशोर-किशोरीबीच पहिला सामान्य चिनजान हुन्छ, फोनमा कुराकानी हुन्छ । बिस्तारै प्रेम बस्छ। प्रेम नगहिरिँदै युवती समक्ष यौनको प्रस्ताव आउँछ। युवतीले अस्वीकार गर्छिन्। अन्त्यमा हत्या हुन्छ। हत्याकी प्रत्यक्षदर्शी बनेकी अर्की किशारीले त्यही घटनामा ज्यान गुमाउँछिन् ।

अछाम ढकारी गाउँपालिका-१ मा भएको २ युवतीको हत्याको कथा हो यो । उनीहरू गाउँबाट हराएपछि खोजतलास गर्दै गर्दा जंगलमा मृत भेटिएपछि हत्या भएको खुलेको हो ।

१२ माघमा जंगलमा मृत भेटिएका ढकारी गाउँपालिका- ८ की १४ वर्षीया »» पृष्ठ २ मा

गैरआवासीय नेपाली नागरिकता

## ४ हजार बढीले लिए, शहरका धेरै

अस्मिता बम/मध्यान्ह
काठमाडौं, १९ माघ ।

नेपालमा गैरआवासीय नेपाली नागरिकता लिनेको संख्या बढ्दो छ। गृह मन्त्रालयका अनुसार ४ हजार ३५६ जनाले गैरआवासीय नेपाली (एनआरएनए) नागरिकता लिएका छन् । उनीहरूलाई निःशुल्क भिसा दिनेगरी अध्यादेश आएको छ । योसँगै एनआरएनए नागरिकता लिनेको संख्या थप बढ्ने अनुमान सरकारको छ ।

गैरआवासीय नेपाली नागरिकता लिनेहरूमा शहरबाट धेरै छन् । सबैभन्दा बढी काठमाडौंबाट जारी भएको छ । काठमाडौंपछि ललितपुर, कास्की, चितवन, भक्तपुर, झापालगायतका जिल्लाबाट गैरआवासीय नेपाली नागरिकता जारी हुने संख्या अधिक छ ।

**१०० बढी नागरिकता जारी गर्ने जिल्ला**

| | |
|---|---|
| काठमाडौं | : १, ५०० |
| ललितपुर | : ३९३ |
| चितवन | : २५८ |
| कास्की | : २३९ |
| भक्तपुर | : १६८ |
| मोरङ | : १५० |
| रूपन्देही | : १४८ |
| झापा | : १३८ |

गृह मन्त्रालयको पछिल्लो तथ्यांकअनुसार काठमाडौंबाट एक हजार ५०० बढीले गैरआवासीय नेपाली नागरिकता लिएका छन् । ललितपुरबाट ३९३, चितवनबाट २५८, कास्कीबाट २३९, भक्तपुरबाट १६८, मोरङबाट १५० जनाले एनआरएनए नागरिकता लिएका छन् । रूपन्देहीबाट १४८, झापाबाट १३८, काभ्रेबाट ८८, सुनसरीबाट ७६, गोरखाबाट ६५, मकवानपुरबाट ६४, गुल्मीबाट ६२, नुवाकोटबाट ५७, स्याङ्जाबाट ५६ र सोलुखुम्बूबाट ५५ जनाले एनआरएनए नागरिकता लिएका छन् । सरकारले २० असोज २०८० देखि एनआरएनए नागरिकता प्रदान गर्न थालको हो। »» पृष्ठ २ मा

## भारतले नेपाललाई दिने अनुदान यथावत्



मध्यान्ह संवाददाता
काठमाडौं, १९ माघ ।

भारतले आर्थिक वर्ष सन् २०२५/२०२६ मा नेपाललाई दिने अनुदान रकम यथावत् राखेको छ। भारतीय संसद्मा अर्थमन्त्री निर्मला सीतारमणले शनिबार भारतको आर्थिक वर्ष २०२५/२०२६ को बजेट सार्वजनिक गर्दै नेपाललाई दिने अनुदान रकम यथावत् रहेको जनाएकी छन् ।

भारत सरकारको विदेश मन्त्रालयबाट संचालन हुने परियोजनाबाट छिमेकी देशहरूलाई यो वित्तीय सहायता प्रदान गर्दै आएको छ ।

बजेटमा विदेश मन्त्रालयअन्तर्गत राखिएको बजेटमा नेपाललाई दिइने अनुदान रकम यथावत् रहेको हो । भारतले गत वर्ष नेपाललाई ७०० करोड भारतीय रुपैयाँ (११ अर्ब २० करोड नेपाली रुपैयाँ) अनुदान दिएको थियो । भारतले यस वर्ष सोही रकम बराबरको अनुदान दिने बजेटमार्फत घोषणा गरेको छ ।

> भारतले गत वर्ष नेपाललाई ७०० करोड भारतीय रुपैयाँ (११ अर्ब २० करोड नेपाली रुपैयाँ) अनुदान दिएको थियो ।

भारतले गत आर्थिक वर्षमा नै नेपालका लागि अनुदान वृद्धि गरेको थियो । आर्थिक वर्ष २०२३/२०२४ मा नेपाललाई ६५७ दशमलव ३८ करोड भारतीय रुपैयाँ अनुदान दिएको थियो । त्यसमा वृद्धि गरी आ. व. २०२४/०२५ मा ७०० करोड भारतीय रुपैयाँ पुऱ्याइएको थियो । त्यसलाई यस वर्ष पनि निरन्तरता दिएको छ ।

नेपालसँगै बंगलादेश, श्रीलंका र मंगोलियालाई दिने अनुदान पनि भारतले यस पटक यथावत् राखेको छ । बंगलादेशलाई १२० »» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## मलेसियाको रोजगार सिन्डिकेट रोक्न व्यवसायीले माग श्रम समिति सभापति खानसँग गुहार

मध्यान्ह संवाददाता
काठमाडौं, १९ माघ

वैदेशिक रोजगार व्यवसायीले मलेसियाको रोजगारीमा सिन्डिकेट सिर्जना हुन थालेको भन्दै प्रतिनिधि सभाको उद्योग वाणिज्य, श्रम तथा उपभोक्ता हित संरक्षण समिति सभापति अब्दुल खानको ध्यानाकर्षण गराएका छन्। नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समाजको सातौं साधारण सभालाई सन्दर्भ पारेर व्यवसायीहरूले शुक्रबार सभापति खानलाई सम्भावित सिन्डिकेटको प्रतिरोधका लागिसमेत उत्प्रेरित गरेका छन् ।

व्यवसायीहरूले विभिन्न कालखण्डमा सरकारबाट लिइएका अव्यवहारिक नीति र निर्णयहरूका कारण रेमिट्यान्स प्राप्त गर्ने महत्वपूर्ण क्षेत्र वैदेशिक रोजगार क्षेत्र




तहसनहस भएको तथा व्यवसायी र कामदार असुरक्षित भएको भन्दै समितिमा तत्काले छलफल चलाइ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमाथि सकारात्मकरूपमा प्रभावकारी हस्तक्षेप »» पृष्ठ २ मा

### गणतान्त्रिकका ६ उम्मेदवार सार्वजनिक

**काठमाडौं/मस-** वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वप्रथम उपाध्यक्ष रामप्रसाद भान्तनाको नेतृत्वमा उम्मेदवारी सार्वजनिक गरेको छ। भान्तना रोज ओभरसिज प्रा.लि.का संचालक हुन् ।

प्रमुख घटक नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन र प्रगतिशील वैदेशिक रोजगार व्यवसायी »» पृष्ठ २ मा

### आज एकीकृत व्यवसायीको अन्तरक्रिया

**काठमाडौं/मस-** आगामी फागुन २ गते हुने नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी कार्यसमितिको निर्वाचनका लागि व्यवसायीहरूबीच प्यानल बनाउने प्रतिस्पर्धा तीव्र बनेको छ। नेपाली कांग्रेस निकट नेपाल वैदेशिक रोजगार व्यवसायी एशोसिएसनमा आबद्ध व्यवसायी दुई प्यानल बनाएर प्रतिस्पर्धा गर्ने तयारीमा रहेका छन् ।

अध्यक्ष र महासचिव पदमा उम्मेदवार सार्वजनिक गरेको वैदेशिक रोजगार व्यवसायी प्रगतिशील मञ्च नेपाल र वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चसँग तालमेल गरेर »» पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२० माघ २०८१ आइतबार
2 February 2025, Sunday

## ०८४ अघि...

महाअधिवेशन गनुपर्छ ।' थापाले भने, 'महाअधिवेशनबाट आएको नयाँ नेतृत्वले नै निर्वाचनमा पार्टीको नेतृत्व गर्छ ।'

कांग्रेसले १४ औं महाधिवेशन २०७८ पुसमा सम्पन्न गरेको थियो। उक्त मितिले मंसिर २०८२ भित्र १५ औं महाधिवेशन गरिसक्नुपर्ने संवैधानिक व्यवस्था छ। तर, महाअधिवेशन लम्बिनेसक्ने भन्दै केही नेताहरू शशंकित छन् । ती नेताहरू २०८३ मा महाधिवेशन प्रक्रिया सकाएर २०८४ मा निर्वाचनमा जानुपर्ने बताउँछन् ।

महाधिवेशनको मिति निश्चित नभएपनि पार्टीभित्र विरासत बोकेका ३ शीर्ष नेताहरू पनि सक्रिय छन् । जब-जब पार्टीको महाधिवेशन आउँछ, उनीहरूको सक्रियता बढ्छ ।

पूर्वउपसभापति विमलेन्द्र निधि र पार्टीका पूर्वमहामन्त्रीद्वय शशांक कोइराला र प्रकाशमान सिंहले नेतृत्वकै लागि एक चरण छलफल गरिसकेका हुन् । शशांक बीपी कोइराला, विमलेन्द्र महेन्द्रनारायण निधि र प्रकाशमान गणेशमानका सिंहका छोरा हुन् ।

### देउवाको राणनीति

विधानअनुसार २ पटक सभापति भएका देउवा अब तेस्रो पटक सभापति पदमा उम्मेदवार हुन पाउँदैनन् । सभापति देउवाले उमेरले पनि अब आफू अवकाशमा जाने बताइसकेका छन् । तर निर्वाचनको बहाना देखाएर देउवाले थप १ वर्ष कार्यकाल लम्ब्याउन चाहन्छन् । संविधान र पार्टीको विधान दुवैले यसका लागि छुट दिएको छ ।

कांग्रेसको विधानको धारा ४३ ले पार्टीका सबै तह र निकायका पदाधिकारी तथा सदस्यहरूको पदावधि ४ वर्षको हुने र असाधारण परिस्थिति भए केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा १ वर्षसम्मको अवधि बढाउन सक्ने व्यवस्था गरेको छ । त्यसरी थपिएको समयमा समेत महाधिवेशन नभए संविधानले थप ६ महिना म्याद थपेर महाधिवेशन गर्नुपर्ने व्यवस्था गरेको छ । कांग्रेसले संविधानको यही व्यवस्थालाई टेकेर १३ औं महाधिवेशन भएको साढे ५ वर्षपछि मंसिर २०७८मा १४ औं महाधिवेशन गरेको थियो ।

कांग्रेस स्रोतका अनुसार १५ औं महाधिवेशनको प्रक्रिया पार्टी सभापति देउवा प्रधानमन्त्री भएपछि मात्रै सुरु गर्ने तयारी आन्तरिक रूपमा गरिएको छ । सभापति देउवाले आफू प्रधानमन्त्री भएपछि मात्रै महाधिवेशनको प्रक्रिया सुरु गर्ने निकट नेताहरूलाई बताएका छन् ।

वर्तमान गठबन्धन सरकार निर्माणका बेला कांग्रेस र एमालेबीच भएको ७ बुँदे सहमतिमा असार २०८३ सम्म एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री रहने र त्यसपछि आम निर्वाचनसम्म कांग्रेस सभापति देउवा प्रधानमन्त्री हुने उल्लेख छ। यही सहमति देखाएर वर्तमान केन्द्रीय समितिमा ८० प्रतिशत बढी बहुमत रहेका देउवाले असार २०८३ पछि मात्रै महाधिवेशनको प्रक्रिया सुरु गर्ने इच्छा प्रकट गरेका छन् ।

देउवाले पार्टी नेतृत्वमा आफ्नो अन्तिम कार्यकाल भएकाले कांग्रेस र एमालेबीच भएको सहमतिअनुसार प्रधानमन्त्री भएपछि मात्रै महाधिवेशन गर्ने चाहना राखेको उनी निकट एक पदाधिकारी बताउँछन् । ती पदाधिकारीका अनुसार कांग्रेस र एमालेबीच भएको सहमतिअनुसार प्रधानमन्त्री हुने समय निश्चित भइसकेकाले प्रधानमन्त्री भएपछि महाधिवेशन गरेर नेतृत्व हस्तान्तरण गर्ने आफ्नो चाहना रहेको देउवाले आफू निकटका नेताहरूलाई बताएका छन् । देउवामा आफू प्रधानमन्त्री नहुँदै पार्टी महाधिवेशन गरेमा संसदीय दलको नेताबाट कतै हट्नु पर्ने हो कि भन्ने त्रास छ ।

यसकारण देउवाले विधानले दिएको अधिकार प्रयोग गरी केन्द्रीय कार्यसमितिको बहुमतले वर्तमान कार्यसमितिको म्याद १ वर्ष थप्ने तयारीमा छन् । १ वर्ष समय थपिएको बेलामा कांग्रेस र एमाले सहमतिमा दरार नआए देउवा प्रधानमन्त्री बनिसक्छन् । त्यसपछि मात्रै महाधिवेशनको प्रक्रिया सुरु गर्ने देउवाको चाहना छ ।

एक पूर्वपदाधिकारी भन्छन्, 'सभापतिजीलाई २०८४को आम निर्वाचनमा आफैं टिकट वितरण गर्ने चाहना छ । महामन्त्रीजीहरूलाई पनि १/२ वर्ष पर धकल्दा दोस्रो पुस्तालाई पनि एकै पटक बिदा गरेर आफूमा नेतृत्व ल्याउन सकिन्छ की भन्ने सोच देखिन्छ । अब विधान संशोधन गरेर २०८२ मा महाधिवेशन हुँदैन ।'

### पोखरामा आज भेला

पार्टी रणनीति, आन्तरिक जीवन र गठबन्धन तथा सरकारको काम तथा पार्टी सुदृढीकरणका लागि पोखरामा सातै प्रदेश र देशभरका सभापतिको भेला आइतबार हुँदैछ । सोमबारसम्म चल्ने भेलामा पार्टी सुदृढीकरण र रणनीतिबारे छलफल हुनेछ ।

कांग्रेसको प्रशिक्षण प्रतिष्ठानको आयोजनामा हुने भेलामा ७७ वटै जिल्लाका सभापति, प्रशिक्षण शाखा प्रमुख तथा उपसभापतिहरू सहभागी हुनेछन् ।

भेलामा पार्टी महाधिवेशन, कार्यकर्ता तथा नेतृत्व निर्माण, सरकारमा कांग्रेसको सहभागिता र रणनीतिदेखि आगामी निर्वाचनसम्मको विषयमा प्रशिक्षण तथा अभिमुखीकरण हुने प्रतिष्ठानले जनाएको छ ।

## टेलिफोन...

इशरा खड्का र १५ वर्षीया सरस्वती खड्काको हत्या भएको हो । यौन प्रस्ताव अस्वीकार गर्दा दुवै किशोरीको हत्या भएको निष्कर्षमा प्रहरी पुगेको हो ।

शनिबार पत्रकार सम्मेलन गरी प्रहरी नायब उपरीक्षक ईश्वरीप्रसाद भण्डारीले इशरा र सरस्वतीको ढकारी गाउँपालिका-३ का २ जना किशोरले हत्या गरेको जानकारी दिएका हुन् । प्रहरीका अनुसार पक्राउ परेका दुवै जनामाथि ज्यान मार्ने कसुरमा जिल्ला अदालतबाट ५ दिनको म्याद थप गरेर अनुसन्धान भइरहेको छ ।

११ माघमा घरबाट बाखा चराउन गएका इशरा र सरस्वती साँझ फर्केर आएनन् । चराउन लगेका बाखा भने फर्केर अर्केको बारीमा पसेका थिए, जहाँबाट गाउँलेले घरसम्म पुऱ्याइदिए ।

त्यसको भोलिपल्ट १२ माघमा उनीहरू मृत भेटिए । पक्राउ परेका दुवै किशोरले घटनामा आफ्नो संलग्नता हरेको स्वीकार गरेका छन् ।

ढकारी गाउँपालिका- १ स्थित षोडशा सामुदायिक वनको छिन्ने ओडार नजिक दुवै जनाको मृत शरीर बीभत्स अवस्थामा फेला परेका थिए । शवको अवस्था हेर्दा सुरुमै उनीहरूको हत्या भएको प्रहरीको अनुमान छ ।

### यसरी भएको थियो हत्या

ती किशोर-किशोरीहरू प्रेमी-प्रेमिका रहेको पनि खुलेको छ । सरस्वतीलाई किशोरले यौन प्रस्ताव राखेको र त्यो अस्वीकार गरेपछि १५ वर्षीय प्रेमीले ढुंगाले हानेर उनको हत्या गरेका थिए । सरस्वतीको हत्या भएको कुरा गाउँमा भनिदिने भन्दै भाग्ने क्रममा इशरालाई उनका प्रेमी १७ वर्षीय किशोरले ढुंगाले हानेर हत्या गरेको खुलेको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय, अछामले हत्याको घटनाको सत्यतथ्य तत्कालै पत्ता लगाउन भने सकेन । त्यसपछि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी), सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढी र नेपाल प्रहरी प्रदेश कार्यालय महेन्द्रनगरको टोली पनि अछाम पुगेको थियो ।

यसरी घटनामा संयुक्त अनुसन्धान टोली हत्यारासम्म पुगेको दाबी प्रहरीको छ ।

अभियुक्त भनिएका किशोर ढकारी गाउँपालिका- ३ कै हुन् । यद्यपि, नाबालक रहेकाले दुवैको परिचय लुकाएको छ । उनीहरूलाई परिवर्तित नाम ६९ मंगलसेन ७३ र ६९ मंगलसेन ७६ दिइएको छ ।

प्रहरीका अनुसार अभियुक्त ६९ मंगलसेन ७३ र मृतक इशरा (भदैनी) लामो समयदेखि टेलिफोनमा कुराकानी हुने गरेको थियो । त्यही कुराकानीका क्रममा दुवैबीच 'बाल प्रेम' बस्यो । अभियुक्त ६९ मंगलसेन ७३ ले इशरालाई भेट्न चाहेका थिए । तर, मौका जुरेको थिएन । ताली र पल्साताबीचको दुरी निकै टाढा भएकाले उनी भेट्नकै लागि भनेर इशराकहाँ जान सकेका थिएनन् ।

माघको महिना सुदूरपश्चिमेली क्षेत्रमा छोरी चेलीलाई 'माघेत्यार' (कोसेली) दिने प्रचलन छ । इशराको गाउँ पल्सातामा ६९ मंगलसेन ७३ फुपूको बिहे भएको थियो । फुपूलाई माघेत्यार दिन जाने र यही मौकामा इशरासँग भेट गर्ने अवसरका रूपमा उनले लिए । १० माघमा तालीबाट उनी ६९ मंगलसेन ७६ सँगै माघेत्यार लिएर पल्साता हिँडे ।

१० गते नै ६९ मंगलसेन ७३ ले इशरासँग भेट्न पटकपटक फोन गरेका थिए । तर, सम्भव भएन । त्यसपछि ११ गते उनी आफ्नी फुपूको १० वर्षीय छोरालाई समेत लगेर ६९ मंगलसेन ७६ सहित बिहान १० बजेदेखि नै इशराको बाटो कुरेर बसे । त्यो दिन इशरा बाखा चराउन जाने कुरा उनले फोनबाटै थाहा पाएका थिए ।

दिउँसो १२ बजे रिमरौवा खोलामा रहेको खोरबाट इशरा र उनी फुपू सरस्वती बाखा लिएर जंगल निस्किइन् । त्यही बाटोमा उनीहरूबीच पहिलो पटक भेट भयो । त्यसपछि उनीहरूबीच कुराकानी सुरु भएको थियो । यस क्रममा सरस्वतीको मोबाइलबाट ६९ मंगलसेन ७३ ले बेयर इटबाट आफ्नो मोबाइलमा गीत सारेकोसम्म बयान दिएको प्रहरीले जनाएको छ ।

छिन्ने ओडारको ढुंगामा बसेर गफ गर्दा किशोरहरूले इशरा र सरस्वतीसँग 'मायाको चिनो'बापत चुन्नी (दोपट्टा) मागेका थिए । तर, किशोरीले दिन मानिनन् । यस्तोमा ६९ मंगलसेन ७६ ले इशराको चुन्नी खोसेर ६९ मंगलसेन ७३ लाई दिएका थिए । यस्तै, सरस्वतीले चुन्नी नदिएपछि ६९ मंगलसेन ७६ ले उनको इयरफोन खोसेका थिए ।

यस क्रममा केटा-केटीबीचमा विवाद भएपछि दुवै समूह केही बेर छुट्टिएका थिए । यस क्रममा इशरा बाखा हेर्न केही टाढा जान्छिन् । यस्तोमा ६९ मंगलसेन ७६ सरस्वती नजिक गएर प्रेम प्रस्ताव राख्छन् । सँगै उनले यौन सम्बन्धको पनि प्रस्ताव राख्छन् । प्रहरीका अनुसार उनले 'विवाह गर्ने भएपछि मात्र दिन्छु' भनेकी थिइन् । ती किशोरले आफ्नो उमेर कम भएको भन्दै ५-६ वर्षपछि गरौंला भनेका थिए । त्यसमा सरस्वतीले मानिनन् ।

त्यसपछि ६९ मंगलसेन ७६ ले आफ्नो यौन प्रस्ताव अस्वीकार गरेको झोंकमा पछाडिबाट सरस्वतीको टाउकामा ढुंगाले हानेको बयान दिएको प्रहरीले जनाएको छ । त्यही अवस्थामा बेहोस भएर ढलेसँगै उनको मृत्यु भयो । टाढा पुगेकी इशराले यो घटना तत्काल थाहा पाइनन् । सरस्वतीको मृत्यु भएपछि भवितव्य देखाउन उनको शव भएतिर ६९ मंगलसेन ७६ ले ढुंगा लडाए, जसमा ६९ मंगलसेन ७३ ले पनि सघाए ।

यता, ढुंगा लडाएर कराएको आवाज सुनेपछि इशरा घटना भएतर्फ आइन्, जहाँ सरस्वतीको मृत शरीर बीभत्स अवस्थामा देखिन् । इशरालाई दुवै जनाले लडेको ढुंगा लागेर मृत्यु भएको विश्वास दिलाउन खोजे तर उनले पत्याइनन् । हत्या गरेको गाउँलेलाई भन्छु भन्न थालेपछि दुवै जना मिलेर उनको पनि हत्या गरेको प्रहरीको निष्कर्ष छ ।

यता, दुवैको हत्यापछि पनि उनीहरूले भवितव्य देखाउन शव भएतिर धेरै ढुंगा लडाएका थिए । यसरी एकैसाथ अस्वाभाविक ढंगले घटनास्थलमा ढुंगा देखेपछि प्रहरीले त्यहीँबाट अनुसन्धान सुरु गरेको थियो । प्रहरीले विभिन्न सुराकको प्रयोग गरेर अभियुक्तसम्म पुगेको थियो, जसमा अभियुक्तसँगै गएका १० वर्षीय नाबालकले पनि अनुसन्धानमा सघाए ।

अहिले अभियुक्त दुवै जनाविरुद्ध कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गरेर प्रहरीले थप अनुसन्धान अघि बढाएको छ ।

## ४ हजार...

यस्तो नागरिकता लिनेलाई नेपालमा लगानीका लागि सहज वातावरण बनाउने भन्दै सरकारले उनीहरूको मागअनुसार अध्यादेशसमेत ल्याएको छ। गत २९ पुसमा जारी भएको अध्यादेशले उनीहरूलाई १० वर्षसम्म निःशुल्क भिसा दिनेसहितका सहुलियत दिएको छ ।

हाल एनआरएन नागरिकता भएकाले विदेशी नागरिककै रूपमा भिसा शुल्क तिर्नुपर्ने व्यवस्था छ । यसलाई बदलेर सरकारले निःशुल्क भिसा दिनेगरी अध्यादेश ल्याएको हो ।

गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्तिहरूले नेपालमा राजनीतिकबाहेकका अधिकार प्रयोग गर्न सक्छन् । उनीहरूले नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको उपभोग गर्न पाउँछन् । यसअन्तर्गत नेपालमा लगानी गर्न, व्यापार व्यावसाय गर्न र पैतृक सम्पत्ति उपभोग तथा बेचबिखन गर्न पाउँछन् ।

नेपालमा बैंक खाता खोल्न, विदेशी मुद्रामा कारोबार गर्नेगरी बैंक खाता खोल्न, लगानीका लागि खुल्ला गरिएका उद्योग व्यवासायका लगानी गर्न सक्छन् ।

यो अधिकार संविधानतः २०७२ सालमै गैरआवासीय नेपालीले पाएका थिए । २०७२ सालमा जारी भएको नयाँ संविधानले गैरआवासीय नेपालीलाई सामाजिक, साँस्कृतिक र आर्थिक अधिकारसहितको नागरिकता दिने व्यवस्था गरेको छ ।

कानुन बन्न समय लागेका कारण ८ वर्षपछि ३० असोज २०८० देखि गैरआवासीय नेपाली नागरिकता वितरण सुरु भएको हो । नागरिकतासम्बन्धी ऐनअनुसार विदेशी मुलुकको नागरिकता प्राप्त गरी सार्क सदस्य राष्ट्रबाहेकका देशमा बसोबास गरेको र साविकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको उपभोग गर्न पाउनेगरी गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्छन् ।

यो कानुनी व्यवस्थाअनुसार विदेशको नागरिकता लिएका तर कुनै समय नेपाली नागरिक रहेका व्यक्तिहरूका नाति-नातिनासम्मले गैरआवासीय नेपाली नागरिकता पाउँछन् । गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने व्यक्तिले प्रमुख जिल्ला अधिकारीबाट शपथ लिनुपर्ने हुन्छ ।

नागरिकता ऐनअनुसार नेपालमा भएका नागरिकले जिल्ला प्रशासन कार्यालय र विदेशमा भएकाले नेपाली दूतावास वा महावाणिज्य दूतावासमा गैरआवासीय नेपाली नागरिकताका लागि निवेदन दिन सक्छन् । यस्तो निवेदनसँगै आफूले प्राप्त गरेको नेपाली नागरिकताको सक्कल प्रति साथमा बुझाउनुपर्छ ।

प्रमुख जिल्ला अधिकारीले नागरिकता त्यागसम्बन्धी सूचना दर्ता किताबमा राखेपछि नेपाली नागरिकता समाप्त हुन्छ । त्यसपछि गैरआवासीय नेपाली नागरिकता प्राप्तिको प्रक्रिया अगाडि बढ्छ ।

अघिल्लो पुस्ता नेपालको नागरिक रहेकाको हकमा गैरआवासीय नेपाली नागरिकता लिन चाहे अघिल्लो पुस्ताले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्र आवश्यक पर्छ ।

## भारतले...

र श्रीलंकाका लागि ३०० करोड रुपैयाँ अनुदान दिने छ। मंगोलियाले ५ करोड अनुदान पाउने छ ।

तर, माल्दिभ्सलाई दिँदै आएको अनुदानमा भने व्यापक वृद्धि गरेको छ । गत आर्थिक वर्षमा ४७० करोड भारतीय रुपैयाँ छुटचाइएको माल्दिभ्सको अनुदान यस पटक ६०० करोड पुऱ्याइएको छ ।

यस्तै, अफगानिस्तानको अनुदान पनि भारतले बढाएको छ। गत आर्थिक वर्षमा ५० करोड अनुदान पाउने अफगानिस्तानले यस पटक १०० करोड पाउने छ । तर, भुटान र म्यान्मारलाई दिने अनुदान घटाएको छ । गत वर्ष ४०० करोड भारतीय रुपैयाँ रहेको म्यान्मारको अनुदानमा यस पटक ३५० करोड रुपैयाँ छुटचाएको छ ।

यसैबीच बजेटअनुसार भारत सरकारले आफ्ना नागरिकलाई १२ लाख रुपैयाँसम्मको आम्दानीमा कर नलगाउने घोषणा गरेको छ ।

वित्तमन्त्री सीतारमणले बजेट भाषणमार्फत १२ लाख भारतीय रुपैयाँसम्मको आम्दानीमा कर नलगाउने घोषणा गरेकी छन् । यसले भारतका मध्यम वर्गीय परिवारलाई ठूलो राहत मिल्ने विज्ञहरूले बताएका छन् । यस आर्थिक वर्षमा कुनै भारतीयले १२ लाख ७५ हजार रुपैयाँसम्म आम्दानी गरे कुनै कर लाग्ने छैन ।

१२ लाखभन्दा माथि आम्दानी गर्नेलाई भने ५ प्रतिशतदेखि ३० प्रतिशतसम्म कर लाग्ने छ ।

## मलेसियाको...

हुनुपर्ने माग गरे । उनीहरूले मलेसिया जाने तालिमको नाममा सिन्डिकेट खडा गरी बढीमा दुई दर्जन व्यवसायीले मात्रै कामदार पठाउने गरी भित्रभित्रै चलखेल भइरहेको दाबीसमेत गरे ।

व्यवसायीहरूका गुनासो र आक्रोश मिश्रित भनाइ सुनेपछि सभापति खानले वैदेशिक रोजगार क्षेत्रमा रहेका कानुनी तथा नीतिगत अस्पष्टता हटाउन समितिमा छलफल चलाउने प्रतिबद्धता जनाउँदै व्यवसायीले सुधारका लागि प्रमुख दलहरूलाई घचघच्याउनुपर्ने भनाइ राखे । साधारण सभामा वैदेशिक रोजगार व्यवसायीले राखेका समस्या र गुनासोको जवाफ दिने क्रममा सभापति खानले व्यवसायीले व्यवसायमा रहेका समस्या र समाधानका विषयमा अनौपचारिक रूपमा कुरा उठाउने, तर औपचारिक छलफलमा नआउने भन्दै लामो समयसम्म समस्या जकडिनुमा त्यो पनि कारण रहेको टिप्पणी गरे ।

उनले भने, 'अर्थतन्त्र, रोजगारी, मुलुकको हित र समृद्धिमा व्यवसायीको योगदान उच्च रहेको छ । समस्या समाधानका लागि समितिमा आउन आग्रह गर्दछु । आउनुहोस् म त्रिपक्षीय छलफल चलाएर समस्याको समाधान खोज्न सहयोगी हुनेछु । मलेसिया मुलुकको रोजगारीका नाममा देखिने नदेखिने सिन्डिकेटका सबै स्वरूप समाप्त गर्न समितिले भूमिका निभाउने छ ।'

प्रमुख दलहरूका कारण नै वैदेशिक रोजगारमा सिन्डिकेट जन्मेको भन्दै सभापति खानले उनीहरूलाई विषालु सर्पको संज्ञा दिए । उनले भने, 'सिन्डिकेट जन्माउने त्यस्ता विषालु सर्पलाई दुध खुवाएर पाले जस्तो पाल्नु हुँदैन ।' उनले गोटाको हजार दिने प्रवृत्ति नै साप पाल्ने प्रवृत्ति भएको समेत दावी गरे । उनको यो शककर्केत श्रम मन्त्रालयतर्फ लक्षित थियो ।

वैदेशिक रोजगारमा जाने कामदारले नेतालाई ठग र व्यवसायीलाई भगवान मान्ने गरेको भन्दै उनीहरूलाई व्यवसायीले संरक्षण गर्नुपर्नेमा सभापति खानले जोड दिए । शून्य लागत अर्थात फ्रि भिसा फ्रि टिकटका नाममा लुटपाट भएकाले लागत परिभाषित गरेर व्यवस्थित गर्नुपर्नेमा पनि उनले जोड दिए ।

त्यस्तै सभापति खानले घरेलु कामदारको श्रम स्वीकृति खोल्नुपर्छ भन्ने व्यवसायीको माग रहेको, तर व्यवस्थापन कसरी ? भन्ने प्रश्नको नेपाली राजदूतावासहरूले सकारात्मक उत्तर नपठाएका कारण जटिल भएकाले त्यसका लागि सर्वपक्षीय छलफल आवश्यक रहेको भनाइ राखे ।

कार्यक्रममा संघका अध्यक्ष राजेन्द्र भण्डारीले संघले सेवा शुल्क परिमार्जन, दूतावासबाट अनिवार्य मागपत्र प्रमाणीकरणले पारेको समस्या, संख्या सय बाध्यताको अन्त्य, एकै परिवारका सदस्यले व्यवसाय गर्न नपाउने व्यवस्था खारेजी र वैदेशिक रोजगारको लागत परिभाषित गर्न जरुरी रहेको बताए । उनले संघको भवन निर्माणका लागि सहयोग र योगदान गर्न व्यवसायीहरूलाई आग्रह पनि गरे ।

संघका पूर्वअध्यक्ष विमल ढकालले वैदेशिक रोजगार मुलुकको अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको भएपनि यस व्यवसायलाई अस्तव्यस्त बनाउने षड्यन्त्रमा विगतका सरकार, मन्त्री र संसदीय समितिका सभापतिहरू जिम्मेवार रहेकाले उनीहरूमाथि समितिले छानबिन सुरुवात गर्नुपर्ने माग गरे । पूर्वअध्यक्ष ढकालले भने, 'आफ्नो आर्थिक स्वार्थ पूर्ति गर्न वैदेशिक रोजगारमा जाने विपन्न अवस्थामा रहेका जनतालाई धरापमा पार्ने अपराध भएको छ, विगतका सबै निर्णहरूको समीक्षा र अध्ययन गर्न आग्रह गर्दछु ।'

हाल मलेसियाको रोजगारी खुला हुने तयारीमा रहेको र यसै मौकामा व्यक्तिगत स्वार्थपूर्तिका सिन्डिकेट लगाउने चलखेल गरेर दुई दर्जन व्यवसायीले मात्रै कामदार पठाउन पाउने दुश्प्रयास भएको बताउँदै पूर्वअध्यक्ष ढकालले भने, 'माफिया कूकर्मीहरूलाई रोक्न मेरो माग छ ।'

पूर्वअध्यक्ष ढकालले सिन्डिकेटको अन्त्यका लागि छाता संस्था संघमा सक्षम र सबल नेतृत्व चाहिने भएकाले व्यवसायीले गम्भीर भएर पार्टी, जातीय, भेगीय भन्दा माथी उठेर नेतृत्वका लागि मतदान गर्नु आवश्यक रहेको पनि बताए । पूर्वअध्यक्ष ढकालले भने, 'उपलब्धि हासिल गर्न प्रलोभनमा नपर्ने नेतृत्व चाहिन्छ । राजनीतिक हस्तक्षेप बढी छ, राजनीतिक दलको उम्मेदवार भन्दा व्यवसायीको हित गर्ने नेपाल उद्योग वाणिज्य महासंघको जस्तै गैरराजनीतिक नेतृत्व आवश्यक देखिन्छ । नेताको हस्तक्षेपले ठूलो विकृति छ । पार्टीले राम्रो उम्मेदवार दिन्छ भन्ने छैन ।'

विगतमा पनि मलेसियाको रोजगारीमा बंगलादेशको जस्तो सिन्डिकेट लाद्ने प्रयास भएको, तर आफूले कर्मचारीलाई सिन्डिकेट भएको अवस्थामा बन्दुक उठन सक्छ भन्ने चेतावनी दिएका कारणले रोकिएको भन्दै पूर्वअध्यक्ष ढकाले संघको निर्वाचनमा थोरै गल्ती भएमात्रै पनि मलेसिया रोजगारीबाट बहुसंख्यक व्यवसायीले हात धुनुपर्ने अवस्था रहेको जिकिर गरे ।

संघ अर्का पूर्वअध्यक्ष रोहन गुरुङले संघको नेतृत्व व्यवसायी पक्षधर हुन नसकेको टिप्पणी गरे । विगतमा सामाखुसी क्षेत्रमा म्यानपावर व्यवसायीका कार्यालय हटाउन काठमाडौं महानगर प्रहरीले माइकिङ गरेर दबाब दिँदा संघ नेतृत्वले महसुस हुने गरी भूमिका निर्वाह नगरेको गुनासो गरे । उनले प्रश्न गरे, 'कार्यालय छोडाउँदा समितिले पहल गऱ्यो, दल निकट व्यवसायी को आयो ?'

फ्रि भिसा फ्रि टिकटमा नेपाली कांग्रेस र संख्या सय, धरौटी वृद्धि र मागपत्र अनिवार्य दूतावासमा प्रमाणीकरणमा नेकपा एमाले जिम्मेवार रहेको भन्दै उनले भने, 'यी समस्या समाधानका लागि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन र प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले संयुक्त पहल गर्नुपर्छ । व्यवसायीको हितमा नबोल्ने नेतृत्वको काम छैन ।'

उनले निश्चित व्यापारिक समूहलाई फाइदा पुऱ्याउन तालिम केन्द्र स्थापना गर्न ७ रोपनी जग्गा र ५ सय जना बस्न मिल्ने होस्टेल हुनुपर्ने जस्ता प्रावधान ल्याइएको भन्दै माफिया जन्माउने तालिम निर्देशिका खारेजीको माग गरे ।

प्रगतिशील मञ्चका अध्यक्ष जनक रावलले नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति वैदेशिक रोजगार समस्या समाधानको सारथी बनेको भन्दै विगतका संख्या सय समस्याको समाधान, व्यवसायीलाई धरपकड र हैरानी दिएर अन्याय गरिँदा त्यसको अन्त्यका लागि गरेको पहल सराहनीय रहेको बताए । उनले व्यवसायीको सुरक्षा र सामाजिक कार्यमा निरन्तर लागिरहन पनि आग्रह गरे ।

वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसीले कानुनको असमान्जस्यताले व्यवसायीलाई समस्या परेको भन्दै समितिका सभापति खानले समस्या समाधानको विषयलाई प्राथमिकतामा राख्नुपर्ने माग गरे ।

वैदेशिक रोजगार व्यवसायी धौलाश्री समाजका उपाध्यक्ष रविन शेरचनले देश जर्जर हुँदा रेमिट्यान्सले उज्यालो किरण छरेको, तर मर्यादित र सम्मानित नहुँदा दुःख महसुस गर्नुपर्ने अवस्था रहेको टिप्पणी गरे । उनले समस्या समाधानका लागि संघको आगामी नेतृत्व परिपक्व हुनुपर्नेमा जोड दिए ।

तराई मधेश व्यवसायी समाजका उपाध्यक्ष अख्तर हुसेनले व्यवसायीको समर्थन र सुरक्षाका लागि एकता समाजको महत्वपूर्ण भूमिका रहेको बताए । समाजले साधारण सभाका अवसरमा समाज र वैदेशिक रोजगार क्षेत्रमा पुऱ्याएको उल्लेखनीय योगदानको कदर गर्दै समाजका सल्लाहकार तथा भिजन एण्ड भ्यालु ओभरसिज प्रा.लि.का संचालक अग्रज व्यवसायी पदमराज पौडेल, लोकतान्त्रिक एशोसिएसनका पूर्वअध्यक्ष नरेन्द्रप्रसाद ढकाल, धनलाल जैसी र असाहय, अनाथ बालबालिकाको शिक्षा दिक्षामा उच्च योगदानका लागि हाम्रो बाल संरक्षण धरोहर नेपालकी विनिता अर्याललाई २५ हजार नगदसहित दोसल्ला ओढाएर सम्मान गरेको छ । धरोहर नेपालमा ६५ बालबालिका रहेका छन् ।

कार्यक्रमका सभापति तथा समाजका अध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीले रोजगारी अभिवृद्धि र राष्ट्रको समृद्ध नाराका साथ व्यवसायीको हकहितका लागि निरन्तर लागिपर्ने प्रतिबद्धता जनाए । उनले व्यवसायी गोलबन्द हुँदा चन्दा आतंक, धम्की, असुरक्षा हटाउन सफल भएको भन्दै जबर जस्ती गरेमा समाजमा जानकारी गराउन व्यवसायीलाई आग्रह गरे ।

कार्यक्रममा सातौं साधारण सभा मूल आयोजक समिति संयोजक नरेन्द्रप्रसाद ढकाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन महासचिव महेशकुमार बस्नेत, वैदेशिक रोजगार विश्वकर्मा समाजका अध्यक्ष अमृत विश्वकर्मा, एकीकृत वैदेशिक रोजागार संगठनका उपाध्यक्ष बाबुराम खड्का, वैदेशिक रोजगार व्यवसायी तमुधीः समाजका अध्यक्ष तीर्थ बहादुर गुरुङ, मध्यान्ह दैनिकका सम्पादक मदनकुमार श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।

तत्कालीन सचिव तारानाथ अर्याल र कोषाध्यक्ष हरिश कुँवरले संचालन गरेको कार्यक्रममा उपाध्यक्ष खड्गबहादुर क्षेत्रीले स्वागत मन्तव्य राखेका थिए । साधारण सभाले फ्युचर स्टार म्यानपावर प्रा.लि.का संचालक हरिबहादुर पाण्डे क्षेत्रीलाई पुनः अध्यक्षमा निर्वाचित गर्दै सर्वसम्मतिले कार्यसमिति चयन गरेको छ ।

## गणतान्त्रिकका...

मञ्च नेपालसँगका छलफलमा सहमति नभएपछि गणतान्त्रिक मञ्चले शनिबार अध्यक्ष, महासचिव र सदस्य पदका केही उम्मेदवार सार्वजनिक गरेको हो ।

सो प्यानलको महासचिवमा आकृति रिक्रुटिङ प्रा.लि.का संचालक तथा मञ्चका महासचिव कुन्छा दोर्जे दिमदोङ उम्मेदवार बनेका छन् । सार्वजनिक गरिएका ४ सदस्यका उम्मेदवारहरूमा युनिभर्सल एचआर सोलुसन प्रा.लि.का संचालक भरत सापकोटा, रिजा ओभरसिज इम्प्लोइमेन्ट प्रा.लि.की सञ्चालक रेखा शर्मा, इगल मेनपावर कन्सल्ट्यान्ट प्रा.लि.का संचालक कृष्ण ढकाल र रोजबर्ड एचआर प्रा.लि.का संचालक मेघबहादुर राउतको उम्मेदवारी सार्वजनिक गरेको छ ।

मञ्चले राष्ट्रिय स्वतन्त्र पार्टी निकट रहेका र राप्रपा निकट राष्ट्रिय प्रजातान्त्रिक वैदेशिक रोजगार व्यवसायी संघ र तराईबाट प्रतिनिधित्व गर्ने व्यवसायीहरूसँग सहकार्य गरी १-२ दिनभित्र अन्य पदहरूमा उम्मेदवार सार्वजनिक गर्ने बताएको छ ।

## आज...

प्यानल बनाएर अन्य प्यानलसँग प्रतिस्पर्धा गर्ने योजनाअनुसारको छलफलमा देखिएका छन् ।

उता तालमेलका लागि सबै संस्थासँग छलफलमा रहेको एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन संघको भूमिका र विधान संशोधनका लागि छलफलमा जुटेको छ । सोमबार दिउँसो राजधानीको नयाँ बानेश्वर स्थित अर्याल होटलमा अन्तरक्रिया राखेको संगठनले एजेन्डाका आधारमा संघको निर्वाचन हुनुपर्ने बताएको छ ।

**ECAN ललितपुर Educational Youth Summit को व्यवस्थापनको प्रयोजनका लागि सूचिकृत हुन आउने सम्बन्धी सूचना**

यस संघले तपसिल बमोजिमको ECAN ललितपुर Educational Youth Summit उल्लेखित समयमा आयोजना गर्न लागेकोले उक्त कार्यक्रमको ब्यवस्थापन गर्नको लागि इच्छुक कार्यक्रम ब्यवस्थापक/कम्पनी/संस्था/फर्म/ऐजन्सीहरुलाई सुचिकृत हुन निवेदन पेश गर्नका लागि आव्हान गरिन्छ । दरखास्तका साथ तपसील बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

१. दरखास्त पेश गर्दा रु १,०००/– (फिर्ता नहुने गरी) नगद दाखिला गर्नु पर्नेछ ।
२. दरखास्त मिति २०८१/१०/२० देखि मिति २०८१/१०/२२ गते दिनको ५ बजे सम्म संघको शाखा कार्यलय, ललितपुरमा पेश गर्न सकिने छ ।
३. दरखास्त साथ आफ्नो कम्पनी/फर्म/संस्था/एजेन्सीले आफ्नो आधिकारीकता वा वैधानिकता सम्वन्धी सम्पूर्ण प्रमाण–पत्र पेश गर्नुपर्नेछ तथा कम्पनीको हालसम्म नविकरण तथा अद्यावधिक गरिएको हुनुपर्नेछ ।
४. म्याद नाघी पेश भएको तथा वेरीतको दरखास्त उपर कुनै कारवाही हुने छैन ।
५. दरखास्त स्विकृत गर्ने/नगर्ने सम्वन्धि सम्पूर्ण अधिकार यस संघसँग सुरक्षित रहने छ।
६. यस कार्यक्रमका सम्बन्धमा बिस्तृत जानकारीको लागि यस संघको कार्यलयमा सम्पर्क गर्नु होला ।

**नेपाल शैक्षिक परामर्श संघ (ECAN), ललितपुर शाखा**
फोन:- ९७०६६३९४५०/९८४१२६०८७/९८५१११८०४८
Email: lalitpur@ecan.org.np

**Cyprus मा रोजगार | 1. Christina Vasiliou Employments Services-Lic No.189, Limassol, Cyprus**

पूर्व स्वीकृती मिति २०८१।०९।०७ चलानी नं. ६०२३०१०७ LT.No. 315646

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु. | हप्तामा कामको दिन | प्रतिदिन कामको घण्टा | ओभर टाइम सुविधा / वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 20 | कामको दक्षता | 400 | ५७,५४०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | छ | २ वर्ष |
| 2 | Waiter | 03 | - | | 700 | १००,६९५।- | | | | | |
| 3 | Agriculture | 01 | 01 | | 465 | ६६,८९०।- | | | | | |

**2. Dikalo Agency-Lic. No. 421, Paphos, Cyprus** पूर्व स्वीकृती मिति २०८१।०९।०७, चलानी नं. ६०२३०१०८, LT.No. 315647

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु. | हप्तामा कामको दिन | प्रतिदिन कामको घण्टा | ओभर टाइम सुविधा / वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AC Technician | 02 | - | कामको दक्षता | 900 | १२९,४६५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | छ | २ वर्ष |
| 2 | Electrician | 02 | - | | 900 | १२९,४६५।- | | | | | |
| 3 | Bartender | 02 | - | | 900 | १२९,४६५।- | | | | | |
| 4 | Salesman | 02 | - | | 900 | १२९,४६५।- | | | | | |
| 5 | Plumber | 02 | - | | 750 | १०७,८९०।- | | | | | |
| 6 | Employee | 05 | 05 | | 750 | १०७,८९०।- | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १५००।- | रु. ३५,०००।- |

**अन्तर्वार्ता २०८१ माघ २७ गते (9 February, 2025) मेनपावर कार्यालय गोगंबुमा हुनेछ ।**

**S.R.C. Job Placement Pvt. Ltd.** Gov. Lic. No. 1585/079/80
Gongabu-26, KTM. Phone:- 01-5915880, 5916880, Email:- info@srcjobplacement.com

# भारतमा जिप दुर्घटना हुँदा ५ नेपालीको मृत्यु



**काठमाडौं/मस-** भारतको प्रयागराजमा आयोजना भइरहेको महाकुम्भ मेलाबाट फर्किँदै गरेको जिप दुर्घटना हुँदा ५ जना नेपालीको मृत्यु भएको छ। मृतक सबै एकै परिवारको हुन्। दुर्घटनामा परी ४ जना घाइते भएका छन्।

प्रयागराजबाट फर्किँदै गरेको स्कार्पियो जिप शनिबार बिहार राज्यको मुजफ्फरपुरको मधुबनी मन्दिरनजिक दुर्घटना भएको हो। दुर्घटनामा मन्तरणा देवी, बालकृष्ण झा, अर्चना ठाकुर, इन्दु देवी र चालकको मृत्यु भएको स्थानीय प्रहरीले जनाएको छ।

दुर्घटनामा मनोहर ठाकुर कामिनी झा, सृष्टि ठाकुर र नाम नखुलेका एक जना घाइते छन्। घाइते मनोहर नेपाल प्रहरीका जवान रहेको बताइएको छ।

मृतक र घाइते सबै जनकपुरका छन्। उनीहरू कुम्भमा स्नान गरेर अयोध्या र त्यसपछि वाराणसी पुगेर फर्किरहेको घाइते कामनी झाले बताएकी छन्। घाइतेलाई उपचारका लागि एसकेएमसीएच पठाइएको छ। तीव्र गतिमा रहेको जिप मोटरसाइकल बचाउन खोज्दा अनियन्त्रित भएर दुर्घटना भएको थियो।

# लोकतान्त्रिकको निर्णय विपरित आफ्नो नाम राखिएकोप्रति व्यवसायी यादवको आपत्ति



**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आसन्न निर्वाचनको उम्मेदवार छनोटका क्रममा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनमा विवाद सार्वजनिक भएको छ। गत माघ १७ गते राति एशोसिएसनले अध्यक्ष पदका लागि भुवन सिं गुरुङको नेतृत्वमा केही पदाधिकारी र सदस्यहरूको नाम उम्मेदवारको रूपमा सार्वजनिक गरेपछि शुक्रबार एशोसिएसनमा अध्यक्ष पदको दाबी गर्ने बाँकी ६ जनाले हस्ताक्षरसहित विज्ञप्ति सार्वजनिक गरेर सो निर्णयको विरोध गरे।

यसरी विरोध जनाउनेमा फ्युजन इन्टरनेशनल प्रा.लि.का कुमुद खनालका साथै सोलार एचआर म्यानेजमेन्ट प्रा.लि.का संचालक प्रज्ञान न्यौपाने, एलाइन्स ह्युमन रिसोर्स प्रा.लि.का संचालक सुजितकुमार श्रेष्ठ, फेमस ह्युमन रिसोर्स प्रा.लि.का संचालक चिरञ्जीबी बस्याल, नीलकमल ह्युमन रिसोर्स प्रा.लि.का संचालक मेघनाथ भुर्तेल र एसआरके ओभरसिज प्रा.लि.का संचालक किशोर केसी थिए।

संयुक्त प्रेस विज्ञप्तिलगत्तै खनालकै नेतृत्वमा १९ जना उम्मेदवारको नामसमेत उक्त समूहबाट सार्वजनिक गरियो। तर उक्त सूचीमा नाम रहेका राजेश्वर यादवले भने उक्त सूचीमा आफ्नो नाम समावेश भएकोमा आपत्ति जनाएका छन्। उनले आफ्नो भनाइ सार्वजनिक गर्दै आफू लोकतान्त्रिक एशोसिएसनको आधिकारिक निर्णयभन्दा बाहिर कहिल्यै पनि नभएको स्पष्ट पारेका छन्।

यादवले भनेका छन्,'म राजेश्वर यादव, टेस्ला मेनपावरको संचालक हुँ। म लोकतान्त्रिक एशोसिएसनको कार्यसमिति सदस्य पनि हुँ। मेरो नाम राखेर मध्यान्ह दैनिक पत्रिकामा मसँग सल्लाहसमेत नगरी संघको चुनाव लड्ने भनेर नाम राखिएछ, म नयाँ व्यवसायी हुँ, मैले कुमुद खनाल नाम गरेको व्यक्तिलाई चिनेको पनि छैन, मलाई यसरी किन फसाउन खोजिँदैछ ? यसमा मेरो घोर आपत्ति छ। म लोकतान्त्रिक एशोसिएसनको आधिकारिक निर्णयभन्दा बाहिर कहिल्यै पनि छैन र हुनेवाला पनि छैन।'

# पाथीभरा केबलकारबारे आवश्यक पहल गर्न सामान्य प्रशासन मन्त्रालयलाई जिम्मेवारी




**काठमाडौं/मस-**गृह मन्त्रालयले ताप्लेजुङस्थित पाथीभरा क्षेत्रमा केबलकार निर्माणमा देखिएको समस्याबारे आवश्यक समन्वय गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई जिम्मेवारी दिएको छ।

गृह मन्त्रालयले केबलकार नियमनको विषय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत पर्ने भएकाले यस्तो जिम्मेवारी दिइएको गृह मन्त्रालयका शाखा अधिकृत ऋषिकेश खतिवडाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

स्थानीय रुपमा उठेका सवाल र सरोकारका विषय समेतलाई ध्यान दिई सरोकारवालासँग समन्वय र सहजीकरण गरी समस्या समाधान गर्न तत्काल पहल अघि बढाउन गृह मन्त्रालयले सामान्य प्रशासन मन्त्रालयलाई आग्रह गरेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सरोकारवालासँग समन्वय र सहजीकरण गरी समस्या समाधानको पहल अघि बढाउन अनुरोध गरिएको विज्ञप्तिमा उल्लेख छ।

# काठमाडौंमा तिब्बतको चर्चा



**काठमाडौं/मस-** काठमाडौंको ठमेलमा 'न्यानो वसन्त महोत्सव, चीनको तिब्बतको चर्चा' कार्यक्रम सम्पन्न भएको छ। विभिन्न क्षेत्रका व्यक्तिहरूको उपस्थितिमा तिब्बती संस्कृतिको चर्चा गर्दै कार्यक्रम सम्पन्न भएको हो।

चिनियाँ नयाँ वर्षको अवसरमा 'चीनको तिब्बत पुस्तकालय'द्वारा आयोजित उक्त कार्यक्रममा तिब्बती संस्कृतिको अनौठोपन झल्किने गतिविधिहरू समावेश थिए।

कार्यक्रमको उद्घाटन गर्दै वाङ मेङयाओले दुई राष्ट्रबीच आपसी समझदारी र मित्रता प्रवर्द्धन गर्न सांस्कृतिक आदान-प्रदानको महत्वलाई जोड दिइन्। कार्यक्रमको मुख्य आकर्षण नेपालका प्रसिद्ध लेखक गणेश कुमार जीसीद्वारा प्रस्तुत अरनिको (अनिगे)को रोचक कथा रह्यो।

नेपाल-चीन सांस्कृतिक तथा शैक्षिक संघका अध्यक्ष डा.हरिश्चन्द्र साहले अरनिको र राज कुमारी भृकुटीको बारेमा थप चर्चा गर्दै दुई देशबीचको गहिरो सांस्कृतिक सम्बन्धलाई उजागर गरे।

कार्यक्रमको अर्को प्रमुख आकर्षण नेपाली गायिका फु शेर्पाको सुमधुर प्रस्तुति रह्यो। उनले चिनियाँ शास्त्रीय गीत 'अनन्त तारा' (इटर्नल स्टार) गाएर दर्शकहरूको मन जितिन्।

ल्हासाकी थांका कलाकार डेजीले तिब्बती संस्कृतिको अभिन्न अंग मानिने थांका चित्रकलाका जीवन्त रंग र गहिरो धार्मिक सम्बन्धबारे प्रष्ट पारिन्।

कार्यक्रमको अन्तरक्रियात्मक सेसनमा दर्शकहरूले तिब्बती संस्कृति र चीन-नेपाल सांस्कृतिक सम्बन्धबारे खुला छलफल गरेका थिए। अरनिको र राजकुमारी भृकुटीसम्बन्धी प्रश्नोत्तरले कार्यक्रम रोमाञ्चक बनेको थियो। कार्यक्रममा तिब्बतका मनमोहक प्राकृतिक दृश्य, ऐतिहासिक स्थलहरू र सांस्कृतिक परम्पराहरूको चित्र प्रदर्शनी गरिएको थियो।


हार्दिक समवेदना



जन्म
वि.सं. २००१ फागुन २ गते

स्वर्गारोहण
वि.सं. २०८० फागुन २ गते

स्व. गौरीनारायण श्रेष्ठ

यस मध्यान्ह दैनिकको प्रकाशक सीतादेवी श्रेष्ठका पुजनीय पिता एवम् सम्पादक मदनकुमार श्रेष्ठका पुज्य ससुराज्यू **गौरीनारायण श्रेष्ठ**को मिति २०८० फागुन २ गते, बुधबार ८० वर्षको उमेरमा असामयिक निधन भएको आज **प्रथम वार्षिक पुण्यतिथि**मा दिवंगत आत्माको चीरशान्तीको कामनासहित हार्दिक समवेदना प्रकट गर्दछौं।

**मध्यान्ह दैनिक परिवार**

प्रथम वार्षिक पुण्यतिथिको
हार्दिक श्रद्धाञ्जली



जन्म
वि.सं. २००१ फागुन २ गते

स्वर्गारोहण
वि.सं. २०८० फागुन २ गते

स्व. गौरीनारायण श्रेष्ठ

हाम्रा आदरणीय प्रातः स्मरणीय, आदर्श, मार्गदर्शक र प्रेरणाको स्रोत तपाईं दिवंगत हुनुभएको आज वर्षदिन व्यतित भयो। यस **प्रथम वार्षिक पुण्यतिथिमा** समस्त परिवारको तर्फबाट चीरशान्तिको कामनासहित कोटी कोटी भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पित गर्दछौं।

**धर्मपत्नी**
कृष्णकुमारी श्रेष्ठ

**भाइ/बुहारी** - श्याम सुन्दर श्रेष्ठ/शोभा श्रेष्ठ
**छोरा/ बुहारी** - यमकुमार श्रेष्ठ/शान्ति श्रेष्ठ
नविनकुमार श्रेष्ठ/कमला श्रेष्ठ
**छोरी / ज्वाइँ** - लक्ष्मी शाही/ज्ञानेन्द्रबहादुर शाही
सीतादेवी श्रेष्ठ/मदनकुमार श्रेष्ठ
पार्वती श्रेष्ठ/दीपककुमार श्रेष्ठ
**भतिज / भतिजी बुहारी** - शमित श्रेष्ठ/जेनिषा श्रेष्ठ
**नातिनी / नातिनी ज्वाइँ** - मनिषा श्रेष्ठ/गणेश लामा
सनिषा श्रेष्ठ/सुल्तान ठाकुर
दीपा श्रेष्ठ/मन्जित थापा मगर
**नाति /नातिना** - सनिर/श्रद्धा/निकिता/न्यान्सी/ईच्छा/अभिषेक/दीप
**पनाति / पनातिनी** - परिषा/सान्भी/रिन्चेन

**तथा**
**समस्त श्रेष्ठ परिवार**

मध्यान्ह
www.madhyanhadaily.com
२० माघ २०८१ आइतबार
2 February 2025, Sunday

## सम्पादकीय

# नेताले बुझ्नुपर्ने कुरा

प्रधानमन्त्री केपी शर्मा ओलीले आफू नेतृत्वको सरकारले साढे ६ महिनाको अवधिमै देखिनेगरी विकास निर्माणको काम गरेको दाबी गरेका छन् । संसदको हिउदे अधिवेशनको पहिलो दिन शुक्रबार प्रतिनिधि सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले झण्डै एक घण्टा खर्चिएर थुप्रै विकास निर्माणको काम भएको विवरण प्रस्तुत गरे । प्रधानमन्त्रीबाट प्रस्तुत उपलब्धिको सूचीमा सिद्धबाबा सुरूङ मार्गको ब्रेकथ्रुदेखि विदेशी मुद्राको सञ्चिती बढेकोसम्म उल्लेख छ । नेपाली कांग्रेस र नेकपा एमाले जस्ता प्रमुख दल मिलेर बनेको बलियो सरकार भएकाले देशमा निराशा बिस्तारै हट्दै गएको प्रधानमन्त्रीको विश्वास छ । सँगसँगै यो सरकार बनेपछि राजनीतिक स्थिरता कायम भएको दाबी गरेका प्रधानमन्त्री ओलीले यसपटक राजनीतिक टिप्पणी धेरै गरेनन् ।

तर जवाफमा विपक्षी दलका नेताहरूले प्रधानमन्त्री ओलीको दाबी खण्डन गर्ने प्रयास गरे । प्रधानमन्त्री ओलीले आफू नेतृत्वको सरकारबाट संभव बन्यो भनेका उपलब्धिहरू नियमित प्रक्रियाबाटै संभव हुने उनीहरूको दाबी थियो । अहिले भइरहेका भौतिक पूर्वाधार विकासका कामहरू कुनै बलियो सरकार बनेर भन्दा पनि नियमित प्रक्रियाबाट सञ्चालन भएको निष्कर्ष निकाल्न विपक्षी नेताहरू एकठाउँ उभिएका थिए । उनीहरूको मत छ– अहिले भइरहेका विकास निर्माणका कामहरू जोसुकै प्रधानमन्त्री भएपनि संभव हुन्थ्यो । संसदीय अभ्यासको आमप्रचलन बिपरीत पहिलो र दोस्रो राजनीतिक शक्ति मिलेर सरकार बनेकाले अहिले भइरहेको भन्दा अझ धेरै काम हुनुपर्ने तर्क उनीहरूले गरेका थिए ।

झट्ट सुन्दा यस्तो तर्क–वितर्क संसदीय सवाल–जवाफ मात्र लाग्न सक्छ । किनकि प्रधानमन्त्रीले दाबी गरेपछि विपक्षीहरूले त्यसको खण्डनन् गर्नु संसदीय राजनीतिको सामान्य प्रक्रिया हो । तर नेपालका सन्दर्भमा यो विषयबारे गम्भीर समीक्षा आवश्यक भइसकेको छ । विशेषगरी नेताहरूले चुनाव केन्द्रीत स्वार्थमा राष्ट्रिय परियोजनाहरूलाई राजनीतिकरण गर्दै आएका छन् । राष्ट्रिय परियोजनाको अर्थ सिंगो मुलुककै प्राथमिकतामा रहेको परियोजना हो । तर देशको परियोजना, प्राथामिकता र कार्यक्रम मात्र भनिरहँदा मतदाताको मन जित्न नसकिने बुझाइका कारण नेताहरूमा अनावश्यक होडबाजी/मतभेद चल्ने गरेको छ । यस्तो होडले देशलाई अगाडि लैजादैन । बरू अनावश्यक राजनीतिकरणले राष्ट्रिय परियोजनाहरू प्रभावित बन्न पुग्छ । पक्कै पनि राम्रो काम गर्नेले जस पाउनुपर्छ । तर त्यसको मूल्याकंन जनताले गर्छन् । नेताले दाबी गर्दा मात्र जनताको आँखामा परिने र मत पाइने भन्ने कुरा निकै पुरानो भइसक्यो । किनकि राष्ट्रिय घटनाक्रमहरूको मूल्यांकन गर्न मतदाता सक्षम भइसके ।

# समाजवादको सपना

**अग्रलेख**



● ईश्वर बुढाथोकी


समाजवादबारे जनमानसमा रहेको भ्रमलाई चिर्न आवश्यक छ । समाजवादबारे राजनीतिक पार्टीहरूका आ-आफ्नै परिभाषा र व्याख्या छन् । कांग्रेसले प्रजातान्त्रिक समाजवाद, एमालेले जनताको बहुदलीय जनवाद, माओवादीले २१औं शताब्दीको जनवाद, केहीले वैज्ञानिक समाजवाद भनेका छन् । जुन सबैबाट जनता झुक्किएका छन् ।

सपना देख्न नसक्ने र इतिहासलाई मात्र हेर्नेले क्रान्ति गर्न सक्दैन । संसार जित्नका लागि हो । इतिहास जहिले पनि वीरहरूले नै निर्माण गर्छन्, कायरहरूले होइन । अन्तरा्ष्ट्रियरूपमा पुँजीवादको विकल्पमा कम्युनिस्ट समाजवाद उत्कृष्ट छ भनी पुष्टि गर्नु ठूलो उपलब्धि र सकारात्मक पाटो हो । नेपालको सन्दर्भमा कम्युनिस्ट जनमत विस्तार गर्नु उपलब्धि हो । अबको कम्युनिस्ट स्कुलिङको व्यावहारिक पक्ष भनेको लक्ष्य प्राप्त गर्न नसक्नुको सीमा र अपूर्णतालाई सम्बोधन गर्नु हो । अबको सबैभन्दा केन्द्रीय कार्यभार भनेको राष्ट्रिय पुँजीको विकास र न्यायोचित वितरण हुन सक्नुपर्छ । अबको क्रान्ति उत्पादन बृद्धि, न्यायपूर्ण ज्याला र उत्पादनका साधनहरूमा स्वामित्व ग्रहण गर्ने विषयमा केन्द्रित हुनुपर्छ ।

समाजवादको निर्माणको बाटो लामो, कष्टकर र दुरूह प्रक्रिया हो । समाजवादले उत्पादनको साधन र उत्पादनको सम्बन्ध मात्र बदल्ने होइन, यसले त मानव स्वभाव नै बदल्ने हो । आजको समाजमा व्याप्त लोभी, ढोंगी, आत्मकेन्द्रित व्यक्तिवादी, महत्वाकांक्षी तथा असहयोगी आदि जस्ता स्वभावहरूलाई बदल्ने हो । कम्युनिस्टहरू कोरा आदर्श र सुधारवादी बाटोबाट समाजवादमा पुग्ने विश्वास गर्दैनन् । सर्वहारा वर्गको नेतृत्वमा क्रान्तिकारी आन्दोलनको माध्यमबाट नै समाज बदल्न सकिन्छ । जबसम्म पुँजीवादी व्यवस्था कायम रहन्छ तबसम्म युद्धका सम्भावनाहरू विद्यमान रहन्छन् ।

समाजवाद कम्युनिस्ट संरचनाको पहिलो अवधि हो, जहाँ उत्पादनका साधनहरूमाथि सार्वजनिक स्वामित्व हुन्छ । समाजवाद समाजका समानधिकार वैज्ञानिक समाजवाद प्राप्त सदस्यहरूको शोषणमुक्त श्रममा आधारित हुन्छ । समाजवादले शोषण, उत्पीडन, आर्थिक र सामाजिक अन्याय विरूद्धको संघर्षमा सबैको एकता अपेक्षा गर्दछ । वास्तवमा देशको सारा सम्पत्ति र उत्पादनका साधनहरूमा कसैको निजी पेवा हुन नदिई सबैको साझा बनाउने र सबैले मिलेर मिहिनेत गर्ने व्यवस्थाको सिद्धान्त नै समाजवाद हो । समाजवादमा बाँडीचुँडी खाने र सबैले सबैको दुःखसुख हेर्ने हुन्छ ।

समाजवादबारे जनमानसमा रहेको भ्रमलाई चिर्न आवश्यक छ । समाजवादबारे राजनीतिक पार्टीहरूका आ-आफ्नै परिभाषा र व्याख्या छन् । नेपाली कांग्रेसले प्रजातान्त्रिक समाजवाद, एमालेले जनताको बहुदलीय जनवाद, माओवादीले एक्काइसौं शताब्दीको जनवाद, क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूले वैज्ञानिक समाजवादको विचारधारा बोकेका छन् । ठूला-ठूला पुँजीपतिहरूका हातमा देशका सारा उद्योग, व्यापार, खेतीपातीको एकलौटी अधिकार हुन नदिने र पुँजीको एउटा निश्चित हदबन्दी गरी उद्योग, व्यापार र खेतीपातीमा होड गर्न दिने विचारधारालाई प्रजातान्त्रिक समाजवाद भनिन्छ । यो विचारधारा कम्युनिस्ट सिद्धान्तका विरूद्ध उठेको हो । यस विचारधाराले पुँजीवादलाई खत्तम गर्ने नभई त्यसको एउटा हदबन्दी मात्र गर्ने भएकोले यसलाई निम्न पुँजीवादी समाजवाद पनि भनिन्छ । नेपाली कांग्रेस समाजमा वर्गभेद मेटाउन चाहन्न र मार्क्सवादले भने जस्तो समाज बन्न सक्दैन भन्ने कुरामा विश्वास गर्दछ । कम्युनिस्टहरूले स्थापना गर्ने समाजवादमा सबै वर्गले पार्टी खोल्न नपाइने समाजवाद मात्र हुन्छ, त्यहाँ प्रजातन्त्र हुँदैन भन्दछन् कांग्रेसहरूले । वास्तवमा उनीहरू समाजलाई अलि खुकुलो पारी पुँजीवादी व्यवस्थालाई संसारमा कायम राख्न चाहन्छन् ।



जनताको बहुदलीय जनवाद, साम्राज्यवाद विरोधी विभिन्न राजनीतिक शक्तिहरूले आ-आफ्नो राजनीतिक आस्था संगठित गर्न पाउने हक अधिकारको प्रत्याभूति बहुदलीय जनवादमा हुन्छ । बहुदलीय जनवादको कार्यक्रमले मध्यम वर्गीय तप्का र सुधारवादी राजनीतिक धारको प्रतिनिधित्व गर्दछ । यसले समग्र आन्दोलनलाई दिग्भ्रमित पार्ने र आन्दोलनलाई संशोधनवादी दिशातर्फ उन्मुख गर्ने आधार प्रदान गर्दछ । बहुदलीय जनवादको सोच र विचार मूल सर्वहारावादी विचारधारात्मक प्रश्नलाई परित्याग गरेर आएकोले उल्टो दिशामा चल्ने गाडी जस्तो हुन पुगेको छ, जसबाट नवधनाढ्य नोकरशाह वर्गको लागि राजनीतिक 'स्पेस' बनाउने काम भएको छ । समग्र हित त्याग गरेर अंशलाई स्याहार्ने, वर्गीय पक्षधरता र वैज्ञानिक सर्वहारावादी विचारलाई त्यागेर स्वयंलाई पुँजीपति वर्गमा बदल्ने आधार बहुदलीय जनवादको विचारले दिएको छ । यसले सार्वभौम सर्वहारावादी सिद्धान्त र संघर्षको बाटो परित्याग गरेकोले यो अपूर्ण बनेको छ । यसमा वर्गीय अधिनायकत्वको प्रश्न छैन, निवर्गीय जनवादको कुरा छ ।


यसमा राजकीय सम्पदाहरूमा समाजवादी स्वामित्वको प्रभुत्व कायम गर्ने र पुँजीवादीहरू तथा ठूल्ठूला वित्तीय निकायहरूको हस्तक्षेपलाई नियन्त्रण गर्ने कुरा रहेको छ । जनताका वर्गीय शत्रुहरूप्रति घृणाभाव र वर्गीय मित्रहरूप्रति विचारसहितको भावनात्मक एकता, एक्काइसौं शताब्दीको जनवादमा रहेको छ । क्रान्तिकारी पार्टीको निर्माण र त्यसको सक्रिय पहलकदमी, ठूला-ठूला प्रतिक्रान्तिहरूलाई पनि रोक्न सक्ने र देशको सार्वभौमिकता र जनताको सुरक्षामा जस्तोसुकै व्यावधानहरू आए पनि प्रतिरोध गर्न सक्ने क्रान्तिकारी जनसेनाको निर्माण गर्ने प्रावधान छ ।

आम जनतालाई समेत सशक्त रूपमा मिलिशियाकरण गर्ने, राजकीय सत्तामा जनताका वास्तविक जनप्रतिनिधिहरू निर्वाचित हुने निकाय निर्माण गर्ने र जनताद्वारा प्रत्यक्ष राजकीय सत्ताको उपभोग गर्न पाउने प्रणालीलाई संस्थागत गर्ने, राजकीय सत्तामा पुगेका जनप्रतिनिधिहरूले जनादेश अनुरूप काम गर्न नसकेमा वा कुनै पनि गल्ती कमजोरी गरेमा उनीहरूलाई तुरून्त फिर्ता बोलाउने वा नियन्त्रण गर्न सक्ने संरचनालाई राज्यमा संस्थागत गर्ने कुरा एक्काइसौं शताब्दीको जनवादमा रहेको छ । क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूले वैज्ञानिक समाजवादको अवधारणालाई बहस तथा छलफलको विषय बनाएका छन् । मार्क्सले समाजवादमा 'हरेकलाई उसको आवश्यकता र हरेकबाट उसको योग्यताअनुसार' भनेका थिए । उनले श्रमअनुसारको मूल्य पुरस्कृत गर्ने भनेका हुन् । मार्क्सले सामाजिक गुणात्मक रूपान्तरण भनेका हुन् । आर्थिक समृद्धि बाँड्ने समाजवाद हो, गरिबी बाँड्ने होइन । वैज्ञानिक समाजवाद राजनीतिक जनतन्त्रको उच्चतम रूप हो । यो जनताको समाजवादी स्वशासन र सच्चा राजनीतिक अधिकार र मुक्ति हो । यसले अधिकार र दायित्वको एकतालाई सुनिश्चित गर्दछ ।

वैज्ञानिक समाजवादका आधारभूत विशेषताहरूमा, (क) समानरूपले राष्ट्रिय सम्पत्तिको वितरण, (ख) सामाजिक न्यायको आधारमा सबैलाई जीवन निर्वाह गर्न पाउने अधिकार प्रदान गरी उत्पादनका साधनहरूमा निजी स्वामित्वको अन्त्य, त्यसको स्थानमा प्रमुख उद्योग, सेवाहरूमा सार्वजनिक नियन्त्रणको प्रक्रिया स्थापना, (ग) उत्पादन कार्यमा व्यक्तिगत लाभका दृष्टिले नभई सामाजिक आवश्यकता र कल्याणका दृष्टिले सञ्चालन, (घ) उन्नति, प्रगतिका लागि सम्पूर्ण न्यायप्रेमी जनसमुदायलाई समान अवसर प्रदान, (ङ) सबैलाई योग्यताअनुसार काम दिने र आवश्यकताअनुसार खर्च गर्ने परिपाटी र अन्त्यमा, समाजवादको सपना देख्नु राम्रो संकेत हो ।

## इतिहासमा आज

१ फेब्रुअरी १९७७ मा भारत सरकार केन्द्रीय राजधानी नयाँ दिल्लीको प्रतिष्ठित पर्यटकीय क्षेत्रमा रेल यातायातको इतिहास दर्शाउने राष्ट्रिय रेल संग्रहालय गरेको थियो ।




१ फेब्रुअरी सन् २००२ मा अमेरिकी पत्रकार डेनियल पर्लको पाकिस्तानी विद्रोही समूहले टाउको काटी हत्या गरेका थिए ।




१ फेब्रुअरी २००३ मा नासाको अन्तरिक्ष यान कोलम्बिया पृथ्वीको सतहमा पुनः प्रवेश गर्दा बिस्फोट भयो । बिस्फोटमा सबै अन्तरिक्ष यात्रीहरु मारिए । जुन यानमा भारतीय महिला कल्पना चावला सहित सात अन्तरिक्ष यात्रीहरू थिए ।



१ फेब्रुअरी २०२१ मा म्यानमारका राजनीतिज्ञ र नेता आङ सान सुकीलाई सेनाले हिरासतमा लिएको थियो । सुकीलाई हिरासतमा लिएपछि सेनाले देशमा आपतकाल ललगाएको थियो ।



# कम्युनिस्टभित्र आलोचना वा आत्मालोचना

**विचार**



● नारायण शर्मा

आलोचना र आत्मालोचना एक यस्तो हतियार हो जसलाई ठिक समयमा, ठिक तरिकाले, ठिक ठाउँमा र ठिक विषयमा, ठिक व्यक्ति वा प्रवृत्ति लक्षित गरेर चलाएमा सम्बन्धित पक्षका कमी-कमजोरी वा खराबी-बदमासीहरुलाई ध्वस्त गरेर नेता, पार्टी र आन्दोलनलाई बचाउन, बढाउन, विजयी बनाउन र विस्तार गर्न सकिन्छ ।

नेपालमा राजनीतिक पार्टी र नेताहरूको आलोचना गर्ने प्रवृत्ति सर्वाधिक बढेको पाइन्छ । यस्तो प्रवृत्ति आपसका विरोधी शक्ति र व्यक्तिहरूमा मात्र होइन, मित्र शक्ति र व्यक्तिहरूमा समेत अत्यधिक नै छ । सामान्यतः राज्य अस्थिर, पार्टी अलमल, नेता अनैतिक र कार्यकर्ता अवसरवादी हुने गरेमा यस प्रकारको आलोचना गर्ने प्रवृत्ति जहाँ पनि बढ्ने गरेको पाइन्छ । यो अवस्थामा पार्टी र आन्दोलन नै विभाजन, विघटन र विसर्जनमा पुग्ने खतरा पनि त्यत्तिकै रहन्छ । सामान्यतयाः सबै प्रकारका आन्दोलनहरू र विशेषतः राजनीतिक आन्दोलन अझ त्यसमा पनि मुख्यतः क्रान्तिकारी कम्युनिस्ट आन्दोलनमा करिब यही खतरनाक अवस्थामा पुगेको वा पुग्न लागेको अहिलेको हाम्रो अवस्था हो । र, यो अवस्था निकै नै संवेदनशील र गम्भीर अवस्था पनि हो ।

आज नेपाली वामपन्थी आन्दोलन पनि यही अवस्थाबाट गुज्रँदै गएकोले पार्टी र नेताहरूप्रतिको आलोचनाको यो प्रवृत्ति अराजक आलोचना हुँदै अन्धाधुन्ध विरोध र आग्रही आक्रमणको रूपमा विकसित हुँदै छ । नेपालको वर्तमान सन्दर्भमा भन्ने हो भने यस प्रकारको प्रवृत्ति आज सबैभन्दा बढी कम्युनिस्ट पार्टीमा, त्यो पनि १० वर्षे जनयुद्धबाट आएको माओवादी पार्टीमा र अझ मुख्यतः पार्टी नेताहरूमा नै सर्वाधिक देखा परेको छ । यो प्रवृत्ति यसरी देखापर्नुमा मुख्यतः पार्टीका मुख्य नेता वा नेताहरूद्वारा पार्टी र आन्दोलनका घोषित विचार-आचार, आस्था-आदर्श, लक्ष-उद्देश्य, नीति-विधि, मूल्य-मान्यता र प्रतिबद्धता-कटिबद्धताको अवलम्बन र कार्यान्वयनमा भए-गरिएका बेइमानी-बदमासी नै प्रधान कारण रहेको छ । यसै कारणले गर्दा नै आज एकातिर यसरी देश, जनता, पार्टी र आन्दोलनले धोका, विश्वासघात र पराजय भोग्नुपरेको विडम्बना छ भने अर्कातिर यो भोगाइको व्यापकताका कारण पार्टी, नेता र आन्दोलनप्रति व्यापक अविश्वासको अवस्था उत्पन्न भएको छ । यसरी आन्दोलनभित्र विभाजन, विघटन र विसर्जन हुन थालेको छ ।

कम्युनिस्ट पार्टी समर्थक जनता, कार्यकर्ता र नेताहरूमा नै आइरहेको यस प्रकारको निराशा, अकर्मण्यता, पलायन, अविश्वास, आशंका र किंकर्तव्यविमूढता आजको हाम्रो स्थितिमा अभिव्यक्त विभिन्न प्रकारका आलोचनाहरूको जानकारी र पहिचान गर्नु र ती आलोचना हुनु र गरिनुका पछाडिका कारण/आधार र पृष्ठभूमिको बारेमा स्पष्ट हुन सक्नुपर्छ । कारण नभई कार्य हुँदैन, तसर्थ कारणकै अन्त भए कार्य स्वतः अन्त हुन्छ भन्ने मान्यताअनुसार पार्टी र आन्दोलनको यस प्रकारको अस्तव्यस्त र ध्वस्तको स्थितिलाई अन्त गर्न यो स्थितिलाई बदलेर क्रान्तिकारी, सर्वहारावादी शुद्धीकरण र पुनर्गठन गर्न सक्नुपर्छ ।

एउटा सच्चा कम्युनिस्ट पार्टीभित्र आफू सम्बन्धित रहेको माथिल्लो कमिटीमा कमिटीका सदस्यहरू र तीभन्दा माथिका सम्पूर्ण नेताहरूका कमी-कमजोरी र बेइमानी-बदमासीलाई घटाउने र हटाउने उद्देश्यले आलोचना गर्ने अनिवार्य नियम वा पद्धति नै हुन्छ । यसैगरी आफ्नो उपल्लो कमिटीमा नै आफूले वा आफूबाट जान वा अन्जान रूपमा गरे-भएका कमी-कमजोरी आदिलाई पहिचान र स्वीकार गरी सच्चाउने विधि-पद्धति हुन्छ, त्यो नै आत्मालोचना हो । छोटकरीमा भन्नुपर्दा एकले अर्कालाई सच्चाएर रूपान्तरण गर्ने उद्देश्यले तथ्यमा आधारित भएर इमानदारीपूर्वक अर्काका बारेमा गरिने टिप्पणी आलोचना हो भने आफूले आफैप्रति सच्चा, निर्मम र खुला भएर आफैलाई सच्चाउने र रूपान्तरण गर्ने उद्देश्यले गरिने टिप्पणी आत्मालोचना हो । यसो हुनु वा गरिनुको अर्थ वा उद्देश्य हो आलोचना वा आत्मालोचनाले कम्युनिस्ट पार्टी, नेता, कार्यकर्ता र आन्दोलनलाई शुद्धिकृत, एकीकृत, सुदृढ र सबल पार्ने । त्यसैले आलोचना तथ्यमा आधारित, पूर्वाग्रह र प्रतिशोधरहित, इमानदारीपूर्ण, रचनात्मक, वस्तुनिष्ठ, विधिसम्मत, सम्बन्धित व्यक्तिको अगाडि वा सम्बन्धित स्थानमा विचार र राजनीतिलाई केन्द्रमा राखेर अर्थपूर्ण सुधारको उद्देश्यले गरिनुपर्छ भन्ने मालेमावादी मान्यता रहिआएको छ ।

यस्तो गरे वा भएमा निश्चय नै कसैले जान वा अन्जानमा गरे-भएका गल्ती कमजोरीलाई सच्चाउन राम्रो मद्दत पुग्छ । तर, त्यसरी हरेक बैठकपिच्छे आलोचना र आत्मालोचना नभए वा नगरिएमा त्यो आलोचनाले निकास पाउँदैन । सँगै, आलोचना नभएपछि गल्ती गर्नेहरूमा सच्चिने प्रक्रिया नै प्रारम्भ हुँदैन । बरु गल्तीको मात्रा र गुण दुवैमा गुणात्मक रूपले वृद्धि हुँदै जान्छ । फलस्वरूप आलोचनाले विस्फोटक र अराजक रूप लिन्छ जसले पार्टी र आन्दोलनलाई नै ध्वस्त पार्ने खतरा उत्पन्न गर्दछ । तसर्थ, आलोचना र आत्मालोचनाको प्रयोगमा नियमितता हुनुपर्छ र यसको प्रयोग गर्दा सचेतता, विवेक र नियम पनि पुराउनु पर्दछ ।

आलोचना र आत्मालोचना एक यस्तो हतियार हो जसलाई ठिक समयमा, ठिक तरिकाले, ठिक ठाउँमा र ठिक विषयमा, ठिक व्यक्ति वा प्रवृत्ति लक्षित गरेर चलाएमा सम्बन्धित पक्षका कमी-कमजोरी वा खराबी-बदमासीहरूलाई ध्वस्त गरेर नेता, पार्टी र आन्दोलनलाई बचाउन, बढाउन, विजयी बनाउन र विस्तार गर्न सकिन्छ । तर, यसको विपरीत हुन गए पार्टी र आन्दोलन नै ध्वस्त हुने खतरा समेत त्यत्तिकै बढी हुन्छ । तसर्थ, आज पार्टी र समाजमा व्याप्त नेता, पार्टी र आन्दोलनका बारेमा भए-गरेका विभिन्न आलोचनाहरूको विश्लेषण गर्न, तिनका पछाडिका कारणहरू पत्ता लगाउन र तिनको समाधान गर्न खास गरी क्रान्तिकारी पृष्ठभूमि र उद्देश्य भएका पार्टी र नेताहरूले विशेष जिम्मेवारी बोध गरेर उच्च सतर्कता र आवश्यक गम्भीरताका साथ कार्यान्वयन गर्न-गराउन अत्यावश्यक देखिएको छ ।

## सामाजिक सञ्जाल



**डम्बर खतिवडा**

देश टाट पल्टाउन, दर्जनौं भ्रष्टाचारका काण्ड गर्न, नागरिकलाई नक्कली शरणार्थी बनाएर पैसा खान, घरघरमा ग्याँस पाइपजस्ता उटपट्याङ उखान टुक्का हानेर ढाँट्न, सहकारी ठग्न, ठगाउन सबै पाइन्छ- सामाजिक सञ्जालमा बोल्न, विरोध गर्न पाइँदैन र, यसलाई दुई दलीय जनवाद भनिन्छ- तिम्रा जम्माजम्मी कुरा यति हैन ?



**रामेश कोइराला**

हाम्रा प्रशासकले स्वविवेकी अधिकारलाई आफू अनुकूल कार्यान्वयनमा लान्छन् भन्ने हजार नजिर भएकाले यो अभिव्यक्ति स्वतन्त्रता र अपराधबिचको फरक राम्ररी व्याख्या गरिनु पर्छ । पिसिङदेखि बुलिङसम्म के-कतिसम्म क्षम्य हो र कुन सीमा नाघे अपराध हो भनेर स्पष्ट भए म सामाजिक सञ्जाल नियमनको पक्षमा ।



**किशोर नेपाल**

सरकार, प्रतिपक्ष र राजनीतिक दलका नेताहरूले आफ्नो आचरण सुधार्ने हो भने सामाजिक सञ्जालविरुद्ध लाग्नै पर्दैन । जनतालाई कमाइ खाने अवसर पनि दिन नसक्ने, बोल्न पनि नदिने ! बिपी कोइराला भन्नु हुन्थ्यो - सत्यको आवाज बन्द गरे झुटको थुतुनो खुल्छ । के भन्नुहुन्छ, कांग्रेस सभापति देउवाजी ?



**उत्तमबाबु श्रेष्ठ**

सोसल मिडियामा माथिको अन्टसन्ट नियमनभन्दा हामीलाई यतिखेर चाहिएको हो बच्चाहरूलाई मोबाइलको कुलतबाट बचाउने नियमन वा अन्य कुनै जागरणका उपाय । सोसल मिडियालाई पनि चुरोट जस्तै मानेर छोडिदिनुपर्छ । अरूलाई हानी हुने (सार्वजनिक ठाउँमा खाएमा, कसैलाई ठुटोले पोलेमा) मा मात्रै कारबाही ।

# भ्रष्टाचारको छानबिन गर्न उच्चस्तरीय समितिको माग




**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १९ माघ

माओवादी केन्द्रका वरिष्ठ नेता तथा पूर्वउपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले भ्रष्टाचारीहरुको संरक्षण र भारत भ्रमणको कुरा गर्दा गर्दै सरकारको ६ महिना कटेको बताएका छन्। उनले एमाले, माओवादी वा जुनसुकै राजनीतिक दलका नेताहरू मुछिएको भनी प्रचारमा आएका अनियमितताहरुको छानबिनका लागि संसदीय उच्चस्तरीय छानबिन समिति गठन गर्नुपर्ने बताए ।

शनिबार प्रेस सेन्टर अर्घाखाँचीले सन्धिखर्कमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै श्रेष्ठले अहिले धेरै चर्चामा आएका भ्रष्टाचारका विषयहरूबारे निष्पक्ष छानबिन गर्न उच्चस्तरीय समिति निर्माण गर्न माग गरे । विगतमा पनि नेताहरूको सम्पत्ति छानबिनका लागि उच्चस्तरीय आयोग गठन हुने गरेको स्मरण गराउँदै, श्रेष्ठले सरकारलाई त्यसका लागि तयार हुन आग्रह गरे ।

माओवादी अध्यक्ष पुष्प कमल दाहाल'प्रचण्ड'ले प्रधानमन्त्री हुँदा आफ्नै पार्टीका नेता, कार्यकर्ता र परिवारमाथि छानबिन गरेको बताउँदै उनले ओली नेतृत्वको सरकारले आफ्नो पार्टी र सत्ता साझेदार कांग्रेसका नेताहरूको भ्रष्टाचार प्रकरणमा कमजोर छानबिन गरेको र प्रतिपक्षीमाथि भने बदला लिन खोज्दै पक्षपातपूर्ण व्यवहार गरेको बताए ।

उनले रवि लामिछानेमाथि सरकारले अनावश्यक संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा लगाएको आरोप लगाए। श्रेष्ठ भने, 'रवी जी दोषी हो, हैन त्यो कुरा स्वतन्त्र न्यायालयले निरुपण गर्ला ?' तर कसैलाई १ दिन हिरासतमा नबसी उन्मुक्ति कसैलाई ८४ दिन हिरासतमा राख्नु राजनीतिक प्रतिशोध भएको उनले बताए।

# कतारमा भव्य रूपमा मनाइयो सोनाम ल्होछार




**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १९ माघ

निकै व्यवस्थित र लोभलाग्दो उपस्थितिका बीच नेपाल तामाङ घेदुङ प्रवास कार्यसमितिले सोनाम ल्होछार भव्य रूपमा मनाएको छ। नेपालबाट आमन्त्रित अतिथि कलाकारहरू सेलो गायक मदन घलान तामाङ, सेलो गायिका पूजा तामाङ र म्हेन्दोमाया गायक तथा संगीतकार शैलाप वाइबा तामाङको प्रस्तुतीमा सहभागीहरु झुमेका थिए ।

कार्यक्रमको मध्यतिर स्टेज चढेका सैलापले केही वर्ष पहिलेसम्म आफू कतारमा कामदारका रूपमा रहेको स्मरण गर्दै तेस्रो पटक कतार आउन पाएकोमा खुसी व्यक्त गर्दै आफ्नो सांगीतिक प्रस्तुती दिए । उनको प्रस्तुतीमा मौलिक भेषभूषामा सजिएर आएका दर्शकहरू मजैले नाच भने नेपाली भाषीहरूले पनि कम्मर मर्काए । सैलापको प्रस्तुती लगत्तै स्टेज चढेकी गायिका पूजाले एल माया शंकालु भन्दै आफ्ना प्रस्तुती राख्न सुरु गरिन । झम्के साँझ पर्ने बेला स्टेज चढेका अतिथि कलाकार मदनले तामाङ सेलोमा छमछमी नचाए । नेपालबाट आएका कलाकारहरूको प्रस्तुतीमा नझुम्ने सायदै कोही थिएनन् ।

कतारमा रहेका दर्जनौं कलाकारहरूको सांगीतिक प्रस्तुती रहेको कार्यक्रम स्थल अबु हमुर स्थित आइडिएल इन्डिएन स्कुलको हललाई तामाङहरूले आफ्नो संस्कार अनुसार धर्ज्युले शुद्धीकरण गरेका थिए । कार्यक्रम स्थलमा मौलिक भेषभूषामा सजिएर आएका दर्शकहरूले सांगीतिक प्रस्तुतीमा रमाउँदै साँझ ७ बजेसम्म पनि दर्शकले कलाकारको साथ छोडेनन् । नेपालबाट आमन्त्रित कलाकारसँगै आयोजकहरू एकै पटक झुम्दा कतारको चिसोलाई संगीतले जितेको थियो । झाँकी, नृत्यसहित उद्घाटन गरिएको कार्यक्रममा सांस्कृतिक झाँकी, तामाङ सेलो, ताम्बा नाच, लामा नाच, म्हेन्दोमाया लगायत विभिन्न नेपाली तथा तामाङ सांस्कृतिक प्रस्तुती रहेको थियो ।

कतारमा स्थापित विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिको आतिथ्यता रहेको कार्यक्रममा आमन्त्रित अतिथिसहित प्रत्येक व्यक्तिलाई प्रवेशद्वारमा नै खादा लगाएर स्वागत गरिएको थियो । घेदुङ कतार शाखाकी का.वा.अध्यक्ष कुमारी बेली गोले(सविता) तामाङको सभाध्यक्षता तथा गैरआवासीय नेपाली संघ, अन्तर ष्ट्रिय समन्वय परिषद्का उपाध्यक्ष राज रेग्मीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि रेग्मीले अन्य समुदाय भन्दा तामाङ खास रहेको र कतारमा यस समुदायको विशेष उपस्थिति रहेको बताउँदै कार्यक्रम सफलताको शुभकामना व्यक्त गरे ।

संस्थापक अध्यक्ष एक्का प्रसाद तामाङले कार्यक्रमको बारेमा जानकारी दिँदै उपस्थित सबैलाई स्वागत गरेको कार्यक्रमका प्रमुख अतिथि, विशिष्ट अतिथिहरूलाई तामाङहरूको पोसाक (तागी) टोपी लगाइ सम्मान गरिएको थियो । तमु प्ये ल्हु संघ कतार शाखाबाट सामूहिक रूपमा आयोजक संस्थालाई विभिन्न कोसेली प्रदान गरेका थिए ।

रामबहादुर तामाङ र सपना घलानले मिलेर सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष तामाङले कार्यक्रमका संयोजक फुर्वा ग्याबा तामाङ, सांस्कृतिक संयोजक सुर्जे तामाङसहित व्यवस्थापनमा खटिने, सुरक्षा तथा स्वयंसेवकका रूपमा खट्ने, सहयोगी, प्रायोजक र उपस्थित सम्पूर्णलाई कार्यक्रम सफलताको श्रेय दिएकी थिइन् ।

कार्यक्रममा सहआयोजकका रूपमा नेपाल तामाङ ताम्बा घेदुङ, प्रवास कार्यसमिति, नेपाल तामाङ लामा घेदुङ, प्रवास कार्यसमिति, नेपाल तामाङ संस्कृति घेदुङ, प्रवास कार्यसमिति नेपाल तामाङ महिला घेदुङ, प्रवास कार्यसमिति र नेपाल तामाङ युवा घेदुङ, प्रवास कार्यसमिति कतार रहेका थिए। मध्यान्ह राष्ट्रिय दैनिक उक्त कार्यक्रमको सञ्चार सहयोगीका रूपमा रहेको थियो । प्रत्येक वर्ष माघ शुक्ल प्रतिपदाका दिन मनाइने ल्होछार मुसा, गाई, बाघ, खरायो (बिरालो), ड्रागन (मेघ), सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र सुँगुर गरी १२ वर्गमा सोनाम ल्होछारलाई विभाजन गरी मनाउने गरिन्छ । ल्होछारका १२ वटै वर्ष पशु पन्छीको नामबाट गणना गरिएकाले यस समुदायलाई प्रकृति पूजक मानिन्छ ।

# कुष्ठरोग तथा हात्तिपाइले प्रभावितलाई स्वास्थ्य बीमा कार्यक्रममा समेट्न माग




**विराटनगर/मस-** सरकारले वितरण गर्दै आएको स्वास्थ्य बीमा कार्यक्रममा कुष्ठ तथा हात्तिपाइले रोगका बिरामीहरुलाई निःशुल्क उपचार तथा सहज पहुँच नहुँदा कठिनाइपूर्ण दैनिकी गुजार्नुपरेको सरोकारवालाहरुले बताएका छन् ।

विश्व उपेक्षित उष्णप्रदेशिय रोग दिवसको सन्दर्भमा फेरमेड नेपालको प्राविधिक सहयोगमा प्रदेश स्वास्थ्य निर्देशनालय धनकुटाद्धारा विराटनगरमा आयोजना गरिएको 'कुष्ठ तथा हात्तिपाइले प्रभावितहरुको लागि स्वास्थ्य बीमामा सहज पहुँच सम्बन्धी नीति संवाद' कार्यक्रममा सरोकारवालाहरुले नेपाल सरकारको स्वास्थ्य बीमा नीति अनुसार कुष्ठ तथा हात्तिपाइले प्रभावितहरुका लागि स्वास्थ्य बीमा समायोजन हुन नसक्दा उपचारको पहुँचबाट टाढा रहेको औंल्याए ।

कार्यक्रमकमा बोल्दै स्वास्थ्य मन्त्रालय कोशी प्रदेशकी सचिव डा. राधिका थपलियाले सरकारले दिएको निःशुल्क सेवाको बारेमा पर्याप्त जानकारी नपुगेको कारण लक्षित वर्ग अझैपनि सेवाको पहुँचबाट टाढै रहेको बताइन् ।

'हामीमाझ स्वास्थ्य साक्षरताको निकै कमी छ, सामान्य समस्यादेखि सरकारले के कस्तो काम गरिरहेको छ भन्ने भन्ने विषयमा सामान्य मानिस पनि जानकार हुनु आवश्यक छ,' सचिव डा. थपलियाले भनिन्, 'तर स्वास्थ्य क्षेत्रमा काम गर्ने व्यक्तिलाई नै स्वास्थ्य बीमाको बारेमा जानकारी छैनन् भने उनीहरुले सर्वसाधारणलाई कसरी बुझाउने ?'

उनले राज्यले स्वास्थ्यमा छुट्याएको अर्बौं रकम सदुपयोग हुन नसकेको कुरा सबैले मनन गर्नु आवश्यक भएका समेत बताइन् । व्यक्तिगत र राजनीतिक स्वार्थबाट माथि उठेर सबैले आफ्नो कमजोरी सुधार्दै अगाडि बढ्ने हो भने छोटो समयमै समग्र स्वास्थ्य क्षेत्रमा उल्लेख्य सुधार हुने उनले बताइन् । स्वास्थ्य बीमाबाट कस्ता नागरिकले कसरी सेवा पाइरहेका छन् भन्ने बारेमा अस्पतालमा अनुगमन गर्न समेत आवश्यक रहेको उनले बताइन् ।

कार्यक्रमा प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक ज्ञानबहादुर बस्नेतले उपेक्षित उष्णप्रदेशिय रोगको निवारणको लागि तिनै तहको सरकार र सरोकारवालाहरुको सहकार्यको महत्वपूर्ण भूमिका रहेको औंल्याए ।

कार्यक्रममा प्यानल छलफलको सहजीकरण सञ्चारकर्मी तथा जनस्वास्थ्यविद् कैलाश खाकी श्रेष्ठले गरेका थिए । कार्यक्रममन कुष्ठ तथा हात्तिपाइले रोगका बिरामी तथा प्रभावितहरुले आफुले भोग्नुपरेको समस्याका बारेमा खुलेर बोलेका थिए ।

# शीतकालीन प्याकेज वितरण



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १९ माघ

बीटिस काउन्सिल, भि.एस.ओ. र युके आइडीको साझेदारीमा संचालित जेम्स परियोजनाको आर्थिक सहयोग तथा आसमान नेपाल गौर शाखाको आयोजनामा शीतकालीन प्याकेज वितरण गरिएको छ । गौर नगरपालिका वडा नं ४ गढवा टोलमा उक्त प्याकेज वितरण गरिएको हो ।

कार्यक्रमको उद्घाटन गर्दै जेम्स परियोजनाका रौतहट परियोजना संयोजक संजय कुमार यादवले तराईमा बढ्दो शीतलहरको कारण गरिब, दलित तथा विपन्न परिवारहरुको जनजीवन प्रभावित भएकाले आमाहरूको लागि प्याकेज वितरण कार्यक्रमले सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

कार्यक्रमको मुख्य उद्देश्य गरिब, दलित तथा विपन्न परिवार हरुको सुत्केरी, दलित तथा अपाङ्ग महिलाहरु गरी जम्मा ६० जनालाई न्यानो झोला, कम्बल र फोम वितरण गरिएको हो ।

कार्यक्रमलाई सफल बनाउन आसमान नेपालको गौर शाखाका स्वास्थ्य सहजकर्ता मन्जु रजक, फाइनान्स अफिसर आशिष कुमार मिश्र, अजित कुमार यादव, र भियसो रौतहटका आरती पटेलको पनि विशेष भूमिका रहेको थियो ।

कार्यक्रममा गौर नगरपालिकाका समाजसेवीहरु चिरन्जीवी सिंह, श्रीराम यादव, जगदीश यादव र मनोज यादव लगायत सहभागी थिए । सहभागीहरुले आसमान नेपाल, जेम्स परियोजना र संयोजक संजय कुमार यादवलाई धन्यवाद दिँदै यस्ता कार्यक्रमहरु आगामी दिनहरुमा पनि निरन्तर उपलब्ध गराउन आग्रह गरेका थिए । कार्यक्रमको समापनमा परियोजना संयोजक यादवले आसमान नेपाल जेम्स परियोजना रौतहटको टोलीले यस कार्यक्रमलाई सफल बनाउन गरेको मेहनत र समर्पणप्रति आभार व्यक्त गरे ।

# क्षयरोगीलाई पोषणयुक्त खाद्य सहयोग




**महोत्तरी/मस-** गरिबी र रोगले गाँजेका महोत्तरीका क्षयरोगीलाई पोषणयुक्त खाद्य सामग्री प्रदान गरिएको छन् ।

क्षयरोग पुष्टि भई उपचारका क्रममा औषधि सेवन गरिरहेकालाई पोषणयुक्त खाद्य सहयोग प्रदान गरिएको हो । यस्तो सहयोग विपन्न, ज्येष्ठ नागरिक, गर्भवती तथा सुत्केरी र बेरोजगारलाई प्रदान हुँदै आएको छ ,।

गौशाला, रामगोपालपुर, औरही र बलवा नगरपालिका तथा सोनमा गाउँपालिकामा यो कार्यक्रम कार्यान्वयन भएको छ । यो वर्ष ८० जना कार्यक्रममा समेटिएका छन् । क्षयरोगीले औषधी खानअघि खानुपर्ने पोषणयुक्त खानेकुराको अभाव हुन नदिनु कार्यक्रमको उद्देश्य हो । रामगोपालपुर नगरपालिकाका अनुसार पोषण सामग्रीमा चामल २५ किलो, दाल १ किलो, तोरीको तेल १ लिटर, चना १ किलो ५०० ग्राम, गहुँको पिठो १ किलो र मांसाहारीलाई एक क्यारेट अण्डा तथा शाकाहारी भए एक १ सोयाबिन समावेश गरिएको छ ।

# 'स्थानीय अर्थतन्त्रलाई बलियो बनाउन पर्यटकीय हब बनाउन आवश्यक'

**सरु भुसाल/मध्यान्ह**
गुल्मी, १९ माघ



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले स्थानीय अर्थतन्त्रलाई बलियो बनाउने गरी गुल्मी, अर्घाखाँचीलाई पर्यटकीय हवको रुपमा विकास गर्नुपर्ने बताएका छन् । मदाने गाउँपालिका वडा नम्बर ६ गुल्मीमा रहेको कङ्के देउराली जलाशय र बृहत्तर खानेपानी आयोजनाको स्थलगत निरीक्षण तथा अन्तरक्रिया कार्यक्रमलाई शनिबार सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले स्थानीय अर्थतन्त्रलाई बलियो बनाउने आधारको रुपमा पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखेर गुल्मी, अर्घाखाँचीलाई विकास गर्ने योजना तयार भएको बताए ।

कङ्के देउराली जलाशय र बृहत्तर खानेपानी आयोजना समग्र तीन जिल्लाको भाग्य, भविष्य निर्धारण गर्ने महत्वपूर्ण आयोजना भएकाले आयोजनालाई तीन तहका सरकारले साझा योजनाको रुपमा अघि बढाउनुपर्ने आवश्यकता रहेको उनले जिकिर गरे । लुम्बिनी प्रदेश सरकारले प्रदेशको सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदालाई जोडेर पर्यटन सर्किट निर्माण गर्ने योजना प्रदेश सरकारले अघि सार्दै आएको छ ।

प्रदेशभित्रका प्रमुख धार्मिक स्थल, पुरातात्विक क्षेत्र, पर्यटकीय गन्तव्य र जैविक विविधता सम्पन्न स्थानहरुलाई आसपमा जोडेर आकर्षक सर्किट निर्माण गरिने, यसबाट आन्तरिक तथा बाह्य पर्यटकलाई लामो समयसम्म प्रदेशमा बस्न प्रेरित गर्ने र स्थानीय अर्थतन्त्रलाई बलियो बनाउने मुख्यमन्त्री आचार्यले विश्वास व्यक्त गरे । 'हाम्रो प्रदेश मिनि नेपालको रुपमा परिचित छ । यहाँ हिमाल, पहाड, तराईको विविधतायुक्त भूगोल छ । पुरातात्विक सम्पदाहरुको संरक्षण गरेर पर्यटकहरुलाई भित्र्याउने मुख्य संकल्प छ'उनले भने,'समृद्ध लुम्बिनी प्रदेशको आधारको रुपमा पर्यटन क्षेत्रलाई लिएका छौं । यसबाट स्थानीय अर्थतन्त्रलाई पनि बलियो बनाउन सक्ने प्रशस्त आधारहरु छन् ।' पर्यटन पूर्वाधार विकासलाई पहिलो प्राथमिकतामा राखिएको, सरकारका विभिन्न निकाय, निजी क्षेत्र, स्थानीय समुदायसँग सहकार्य गरेर अघि बढ्ने उनले बताए ।

'हामी पर्यटनलाई समृद्धिको मेरुदण्डका रुपमा विकास गर्न चाहन्छौं । यसका लागि आवश्यक पूर्वाधार निर्माण, सेवा प्रवाह सुधार र समग्र पर्यटन प्रवर्द्धनमा जोड दिएका छौं'उनले भने,'पर्यटनको क्षेत्रबाट स्थानीय स्तरमा प्रशस्त रोजगारीको अवसर सिर्जना गर्न सकिन्छ । कतिपय भइरहेको पनि छ ।'

प्रदेश सरकारले दिगो पर्यटन प्रवर्द्धनमा ध्यान दिँदै नीतिगत सुधार लगानीमैत्री वातावरण निर्माणलाई प्राथमिकतामा राखेको मुख्यमन्त्री आचार्यले बताए । मदाने गाउँपालिकाका अध्यक्ष महेन्द्रबहादुर कुँवरको अध्यक्षता भएको कार्यक्रममा प्रतिनिधि सभा सदस्य सूर्य थापा, पूर्वसहरी विकास मन्त्री रामकुमारी झाक्री, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थी, रेसुंगा नगरपालिकाका प्रमुख खिलध्वज पन्थी, धुर्कोट गाउँपालिकाका अध्यक्ष भुपाल पोखेल, ईश्मा गाउँपालिकाका अध्यक्ष भगत सिंह खड्का लगायतको उपस्थिति थियो ।

**Kotahimai Rural Municipality**
**Office of Rural Municipal Executive**
Majhgawa, Rupandehi
Lumbini Province, Nepal

**Re- Invitation for Online Bids**

Date of Publication: **20-Magh-2081 (2 Feb. 2025)**

1. Kotahimai Rural Municipality has allocated funds towards the cost of procurement of works and intends to apply part of the funds to cover eligible payments under the following Contract.

| S. N. | Contract ID | Description of Works | Grand Estimated Amount Nrs. (Including VAT and Others) Nrs. | Bid Security Amount & Validity Period | Bid Document Fee & Bid Validity Period | Bidding Process |
|---|---|---|---|---|---|---|
| 1 | 08/SQ/KRM/ 081/082 | Water Supply & Sanitation at Nawadurga School, Ward 1 | 10,00,000 | Nrs.30,000 75 Days | Nrs.1,000 45 Days | SQ |

2. Eligible bidders can inspect the Bidding documents at the PPMO website www.bolpatra.gov.np and may obtain further information at Kotahimai Rural Municipality Office.
3. Bid Submission, Bid Opening & Bank Details :

| Last date and Time of Bid Submission | Bid opening date and Time | Bank Account Details | | | |
|---|---|---|---|---|---|
| | | Office Name | Bank Name /Address | Bid Document Fee | Bid security |
| 5/Falgun/2081 (17 Feb. 2025); 12:00 Hours | 5/Falgun/2081 (17 Feb. 2025); 13:00 Hours | Kotahimai Rural Municipality | Agricultural Develoment Bank/ Majhgawa, Rupandehi | 0414101151094141 (Ga. 1.1) (Rajashwa Khata) | 0414101151094034 (Ga.3) (Dharauti Khata) |

4. Matters not covered in this notice shall be in accordance with prevailing rules and regulations, PPA 2063 and PPR 2064 and other related acts of Nepal.
5. Any amendment in the tender notice or Bidding Document will be posted in Bolpatra Sites as well as notice board at Kotahimai Rural Municipality Office, Majhgawa, Rupandehi and may visit in Office's Web site http://kotahimaimun.gov.np/
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२० माघ २०८१ आइतबार
2 February 2025, Sunday

# ‘एक्टरः टेक वन’ उत्साहजनक सुरुवात



**काठमाडौं/मस–** विभिन्न व्यवधानका बीच शुक्रबारबाट प्रदर्शनमा आएको नेपाली चलचित्र ‘एक्टरः टेक वन’ले सकारात्मक प्रतिक्रिया प्राप्त गरिरहेको छ। शुक्रबार साँझदेखि गति लिएको यो चलचित्रले शनिबार बिहानैदेखि उत्कृष्ट प्रतिक्रियासँगै दर्शकको साथ पाइरहेको छ। शनिबार देशभर करिब ३ सय ३० वटा स्क्रिनहरूमा चलचित्र प्रदर्शन भएको वितरण कम्पनी डीसीएनले जानकारी दिएको छ।

यसैबीच, शनिबार पनि अभिनेताहरू प्रदिप खड्का, राजबल्लभ कोइराला तथा अभिनेत्री दिव्या रायमाझी चलचित्र हलहरूमा दर्शक भेट्न पुगेका थिए। हलमा पुग्दा दर्शकले व्यापक तारिफ गर्दै प्रेम दर्साइरहेका छन्। शनिबार दिउँसो ललितपुरको पुलचोकमा रहेको क्युएफएक्स सिनेमा हलमा पुग्दा दर्शकले ‘एक्टरः टेक टु’को माग गरे।

चलचित्रको अन्त्यमा आकस्मिकरूपमा कलाकारहरू हल छिरेपछि दर्शकले ‘वि वान्ट टेक टु’को नारा लगाएका थिए। दर्शकबाट टेक टु को माग हुँदा कलाकारहरूले उत्साहित हुँदै सेल्फी खिचेका थिए।

चलचित्र हेरेका दर्शकले अप्रत्याशित क्लाइमेक्सको तारिफ गरेका छन्। प्रदीप खड्काको अभिनय, राजबल्लभ कोइरालाको पुनरागमन र दिव्या रायमाझीको डेब्यु अभिनयको तारिफ भएको छ भने आना शर्माको केही वर्षपछिको अभिनयलाई रुचाइएको छ भने निर्देशकको व्यापक तारिफ भइरहेको छ।

यस चलचित्रमा प्रदीप, आना, दिव्या, राजबल्लभको साथमा दिव्य देव, सिर्जना अधिकारी, उषा रजक, सुशील सिटौलालगायतका कलाकारहरूको प्रमुख भूमिका रहेको छ। चलचित्रको स्क्रिप्ट आकाश बराल र राजन भुसालले लेखेका हुन्। यस अधृत फिल्म्स् र अ मोती फिल्मको संयुक्त प्रस्तुति रहेको यो चलचित्रमा निर्माता थमन कुमार भण्डारी, क्रियटिभ प्रोड्युसर मोती कार्की र सह-निर्माता अनीश भुसाल रहेका छन्।

# ‘कर्मा’को पहिलो चरणको छायांकन सम्पन्न




**काठमाडौं/मस–** निर्देशक सौरभ चौधरीको निर्देशनमा निर्माण भइरहेको चलचित्र ‘कर्मा’को पहिलो चरणको छायांकन सम्पन्न भएको छ। गत मंसिरको अन्तिम साताबाट सुरु भएको चलचित्रको छायांकन दाङ र आसपासका विभिन्न स्थानमा करिब ४६ दिन लगाएर पूरा गरिएको छ। अब, चलचित्रको टिम काठमाडौं केन्द्रित भएको छ। निर्देशक चौधरीका अनुसार आगामी १० दिनभित्र सम्पूर्ण सुटिङ सम्पन्न गरिनेछ।

‘कर्मा’को छायांकन चरणमै सम्पादन र भिएफएक्सको काम समेत भइरहेको छ। निर्देशक चौधरीले भने, ‘हामीले दिनरात नभनी अत्यन्तै मेहनतका साथ काम गरिरहेका छौँ। अबको दुई सातामा छायांकन पूरा हुनेछ, त्यसपछि पोस्ट-प्रोडक्सनको कामलाई तीव्रता दिनेछौँ। अहिलेसम्म कुनै बाधा-अड्चन बिना छायांकन सम्पन्न भइरहेको छ।’

यसबीच, पूर्वघोषित मितिमा चलचित्र प्रदर्शन नहुने भन्ने हल्लाको खण्डन गर्दै उनले भने, ‘गलत हल्लामा नलाग्न दर्शकलाई अनुरोध गर्दछौं। काम तीव्र गतिमा अगाडि बढिरहेको छ, हामी पूर्व निर्धारित मिति चैत्र २९ गते नै चलचित्र रिलिज गर्नेछौं।’

‘कर्मा’मा अभिनेता विपिन कार्की, अभिनेत्री उपासना सिंह ठकुरी, कलाकार मुकुन भुसाल र दिव्यदेव पन्त मुख्य भूमिकामा रहेका छन्। विपिन र उपासना पहिलो पटक सहकार्य गर्दैछन् भने मुकुन भुसाल नेगेटिभ भूमिकामा प्रस्तुत हुनेछन्। चलचित्रको कथावस्तुको विषयमा निर्माणपक्षले अहिले केही पनि बताएको छैन भने सिनेमामा मुख्य कलाकार बाहेक अन्य कलाकारहरूको को-को छन् भन्ने विषयमा कुनै जानकारी गराइएको छैन। निकट भविष्यमा उनीहरूको नाम सार्वजनिक गरिने निर्देशक चौधरीले बताए।

एक्सन ड्रामा जनरामा निर्माण भइरहेको ‘कर्मा’को कथा निर्देशक चौधरी स्वयंले लेखेका हुन्। चौधरीका अनुसार अभिनेता विपिन कार्की पहिलो पटक एक्सन अवतारमा देखिन लागेका छन्।

आर्टिस्टिक इन्टरटेनमेन्टको प्रस्तुति रहने चलचित्र ‘कर्मा’लाई बसन्त लम्सालले निर्माण गरिरहेका छन्। यो सिनेमाको छायांकन सुरु हुनु अगावै ‘कर्मा’ले अन्तर ाष्ट्रिय प्रदर्शन अधिकार बिक्री गरिसकेको छ। सेभेन सिज सिनेमाले चलचित्रको अन्तर्राष्ट्रिय वितरण अधिकार लिएको छ।

सिनेमाको छायांकन संजय लामाले गरिरहेका छन्। निर्देशक चौधरीको ‘कर्मा’ तेस्रो निर्देशकीय फिचर सिनेमा हो। उनले यसअघि ‘अगस्त्यः च्याप्टर १’ निर्देशन गरेका थिए, जसले दर्शक र समीक्षकबाट सकारात्मक प्रतिक्रिया पाएको थियो। त्यसैले ‘कर्मा’बाट पनि ठूलो अपेक्षा गरिएको छ। चलचित्र ‘कर्मा’ नयाँ वर्षको अवसर पारेर चैत्र २९ गते प्रदर्शनमा आउने तयारीमा छ।

# ‘अन्तै माया साट्यौ’ लिएर आए गायक थापा




**काठमाडौं/मस–** नेपाली गीत-संगीतको क्षेत्रमा विगत करिब दुई दशकदेखि सक्रिय चर्चित गायक नारायण थापाको सुमधुर स्वरमा सजिएको नयाँ गीत ‘अन्तै माया साट्यौं’ सार्वजनिक भएको छ। ‘सौगात क्रियसन युट्युब च्यानल’मार्फत सार्वजनिक गीतमा झगेन धिमालको शब्द, सौगातजंग थापाको संगीत, विशाल निरौलाको संगीत संयोजन, रञ्जन राईको मिक्सिङ मास्टरिङ र युवराज खत्रीको सम्पादन रहेको छ।

गायक थापाको ‘सोह्रै श्रृंगार’, ‘कुनै दिन त’, टेलिचलचित्र ‘गाउँ फर्क’को शीर्ष गीत ‘गाउँ फर्क’, ‘परिणाम नखोज तिमी’, ‘रातभरि’ लगायत ६ दर्जनभन्दा बढी गीत रेकर्ड भइसकेका छन। उनको ‘अजम्बरी’ (२०७२), ‘परिवेश’ (२०७७) र ‘आकर्षण’ (२०७९) गरी तीन वटा एल्वम बजारमा आइसकेका छन् भने चौथो एल्वम ‘आभूषण’ का गीत रेकर्ड भइरहेका छन्।

र त गायक थापालाई विभिन्न दर्जनौं सरकारी-गैर सरकारी संस्थाले अभिनन्दन, पुरस्कार र अवार्ड सहित सम्मानित गरेका हुन्। ‘राष्ट्रिय वर्ष व्यक्ति सम्मान-२०७८’, ‘राष्ट्रिय संगीतकर्मी सम्मान-२०७९’, ‘नेपाल म्युजिक एण्ड फेसन अवार्ड सम्मान-२०२२’, ‘राष्ट्रिय व्यक्तित्व तथा प्रतिभा सम्मान-२०८०’, ‘सगरमाथा कला सम्मान-२०८०’, ‘राष्ट्रिय विलक्षण प्रतिभा सम्मान’, ‘राष्ट्रिय व्यक्तित्व सम्मान-२०८१’, ‘जिनियस म्युजिक अवार्ड-२०७८’, ‘नेपाल आर्ट कल्चर एण्ड मुभिज् अवार्ड-२०७८’, ‘४औं म्युजिक एण्ड फेसन अवार्ड-२०२३’, ‘स्पर्स म्युजिक अवार्ड-२०२३’, छैटौं सगरमाथा म्युजिक अवार्ड-२०८१’ पाइसकेका छन्।

# ईश्वरी बरालको स्वरमा ‘नैना रेशम’




**काठमाडौं/मस–** ईश्वरी बरालको स्वरमा रहेको गीत ‘नैना रेशम’ सार्वजनिक भएको छ। राजकुमार बगरको शब्द, संगीत, मिक्सिङ एवं माष्टरिङ र नरेन्द्र वियोगीको एरेञ्ज रहेको गीतको भिडियो सार्वजनिक भएको हो।

मुस्कान ढकालको निर्देशन र रोशन बिकेको कोरियोग्राफी रहेको गीतको भिडियोमा स्मारिका ढकाल, शुरेस कोली र गायिका ईश्वरीको अभिनय छ। उत्तम हुँमागाईंको छायांकन रहेको गीतको भिडियोमा विकास ढकालको सम्पादन छ।

प्रेम भावको गीतमा आफूले माया गरेको मान्छे सबैभन्दा प्यारो हुने भाव व्यक्त गरिएको छ। माया गरेको मान्छेलाई मन मटुमा सजाएको गीतमा भनिएको छ। गीतका शब्द रचना जति राम्रा छन् भिडियो पनि उत्कृष्ट बनेको छ। गीतको भिडियो ईश्वरीको अफिसियल युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो।

सञ्चारकर्मसँगै गायन क्षेत्रमा आफूलाई तल्लीन राख्दै आएकी ईश्वरीका यसअघि ‘हरेक रात सपनीमा’, ‘नरिसाउन होइ’, ‘खानदानी छोरी’, ‘माया छ कि छैन’, ‘लभ पर्न सक्छ’ जस्ता गीत श्रोता/दर्शकमाझ प्रिय छन्।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८१/१०/२०**

**ए.आई. हिमालयन प्रा.लि.** को २०८१/१०/०७ गते सम्पन्न वार्षिक/ विशेष/ साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **योनोभा टेक्नोलोजिज प्रा.लि. (प्रा.लि. नं.: ३१८५५६)** कायम गर्ने गरी मिति २०८१/१०/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**युएईमा रोजगार**

कम्पनीः ABN SCAFFOLDS LLC
पूर्व स्वीकृत मितिः २०८१/१०/०६ | चलानी नं.: ६०२३१५३६
शहर : UAE
LT. No.: 317323

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolders | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Scaffolding Labourer | 4 | 0 | | 1000 | ३७,६५० | | | | | | | |
| 3. | Scaffolding Supervisor | 2 | 0 | | 1500 | ५६,४७५ | | | | | | | |

अन्तर्वार्ता प्राविधिक ट्रेनिङ सेन्टर, बिर्तामोड, झापामा २०८१ माघ २८ गते (10 February 2025) मा हुनेछ।
अन्तर्वार्ता रामजानकी ट्रेनिङ सेन्टर, जनकपुर, झापामा २०८१ माघ २९ गते (11 February 2025) मा हुनेछ।
अन्तर्वार्ता ग्लोबल ट्रेनिङ इस्टिच्युट, काठमाडौंमा २०८१ माघ ३० गते (12 February 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

AJEETS
श्रम ई. पत्र नं.: ३७४/०५९/०६०
Ajeets Management and Development Company Pvt. Ltd.
Tara Hall Chowk, Sinamangal -9, Kathmandu, Phone : 014579390, 4579391
KTM : 9811938903 / 9809494042, Janakpur : 9817876057 | 9801303131, Jhapa : 9801423759 | 9802313926 (Whatsapp) E-mail : ajeetsmanpowernepal@gmail.com

# मोडल हन्टका प्रतियोगीद्वारा फिटनेस क्षमता प्रस्तुत



**काठमाडौं/मस–** ‘जोय मोडल हन्ट नेपाल २०२५’का प्रतियोगीको सहविधामा प्रतिस्पर्धा चलिरहेको छ। बुधबार प्रतियोगिताका ३३ महिला प्रतियोगीले द बिच हाउस उतरढोकामा स्विमवेयर राउण्डमा आफ्नो सौन्दर्य क्षमता प्रस्तुत गरे।

बिहीबार भने १७ पुरुष प्रतियोगीले आफ्नो फिटनेस क्षमता प्रस्तुत गरेका छन्। रीगल फिटनेस टेकुमा आयोजित राउण्डमा जज रोजल शाही फिटनेस उद्यामी, विजयतम रत्न बज्राचार्य (सेलिब्रेटी ट्रेनर) र रोजी शाही (फिटनेस कोच) रहेका थिए। नेपालकै बृहत् र स्तरीय मानिएको प्रतियोगिता मोडल हन्ट नेपाल सिजन ९ अर्थात ‘जोय मोडल हन्ट नेपाल २०२५’को फाइनलमा ५० मोडल प्रतियोगी छन्। जसमा ३३ फिमेल रहेका छन् भने १७ मेल रहेका छन्।

शनिबार प्रतियोगिताको टप मोडल राउण्ड आयोजना हुने नेक्स्ट मोडल्स नेपालकी कार्यकारी निर्देशक यतना पाण्डेले जानकारी दिइन्। प्रतियोगिताको फाइनल फेब्रुअरी ८ मा आयोजना हुँदैछ।

**Bhageshwor Rural Municipality**
**Office Of Rural Municipal Executive**
**Bagarkot, Dadeldhura**
**Sudur Paschim Province, Nepal**

**Invitation for Bids**

**Date of publication: 2081/10/20**

1. *Bhageshwor Rural Municipality Office Of Rural Municipal Executive* invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures.

| S. N. | Contract Identification No. | Description Of Works | Estimated Amount (Excluding VAT & PS ) (Nrs) | Bid security Amount (Nrs) | Bid Document Fee | Date, Time and Place Of Pre-Bid Meeting | Last Date and Time Of Bid Submission | Date, Time and Place Of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1 | BRM/DAD/NCB /Works/2081/082/01 | Construction of Birthing Centre at Bhageshwor R. M., 01 Patram | 4000003.81 | 120000.00 | 3,000.00 | 2081/11/11, 14:00 hrs., Bhageshwor RM office Bagarkot Dadeldhura | 2081/11/20, 12:00 hrs. | 2081/11/20, 14:00 hrs, Bhageshwor RM office Bagarkot |
| 2 | BRM/DAD/NCB /Works/2081/082/02 | Construction of Aidungra Lift Irrigation at Bhageshwor R. M.,04 | 8863311.56 | 266000.00 | 3000.00 | 2081/11/11, 14:00 hrs., Bhageshwor RM office Bagarkot Dadeldhura | 2081/11/20, 12:00 hrs. | 2081/11/20, 14:00 hrs, Bhageshwor RM office Bagarkot |

Bidding procedures:

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bhageshwor Rural Municipality, Bagarkot Dadeldhura, Email: ito. bhageshwormun@gmail.com, or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
2. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Sanima Bank, Bhageshwor Branch
   Account Name: BHAGESHWOR GA. PA. GA-1.1 ANTARIK RAJASHWO KHATA
   Office Account no.: 070010040000002

**Chief Administrative Officer**

# क्यानले मोन्टी देशाईको सम्झौता नवीकरण नगर्ने



**काठमाडौं/मस–** नेपाल क्रिकेट संघ (क्यान)ले नेपाली राष्ट्रिय क्रिकेट टिमका मुख्य प्रशिक्षक मोन्टी देशाईको सम्झौता नवीकरण नगर्ने निर्णय गरेको छ। क्यानले उनीसँग भएको दुई वर्षको सम्झौता सकिएसँगै सम्झौता नवीकरण नगर्ने निर्णय गरेको हो। भारतीय क्रिकेटर देसाईलाई क्यानले २०७९ को माघ २३ मा नेपाली राष्ट्रिय क्रिकेट टिमका मुख्य प्रशिक्षक नियुक्त गरेको थियो।

क्यानका प्रवक्ता छुम्बी लामाले मुख्य प्रशिक्षक मोन्टीसँगको सम्झौताको दुई वर्ष समाप्त भएको र क्यानले उनीसँगको सम्झौता नवीकरण नगर्ने निर्णय गरेको जानकारी दिए। क्यानले सामाजिक सञ्जालमार्फत शनिबार मोन्टी देसाईले नेपाली क्रिकेटमा पुऱ्याएको योगदानप्रति धन्यवाद ज्ञापन गरेको छ। देसाईले नेपाली क्रिकेटमा पुऱ्याएको योगदानको स्मरण गर्दै क्यानले शनिबार उनको प्रशंसा गरेको छ। क्यानले आफ्नो आधिकारिक फेसबुक पेजमा मोन्टीले ल्याएको ह्याप्पी ड्रेसिङ रुम अवधारणा र नेपाली क्रिकेटले प्राप्त गरेको सफलताका लागि उनलाई धन्यावाद दिएको छ।

नयाँ प्रशिक्षक नियुक्तिको प्रक्रिया यथाशीघ्र थालिने प्रवक्ता लामाले जानकारी दिए। उनले तत्काल नेपाली राष्ट्रिय पुरुष टिमले कुनै खेलमा सहभागिता जनाउने तय नभएकाले पनि नयाँ प्रशिक्षक नियुक्ति प्रक्रिया अगाडि बढाउन समय रहेको बताए।

देसाईले पछिल्लोपटक ब्याटिङ क्लिनिकमा आफ्नो सेवा दिएका थिए। यही माघको दोस्रो साता मूलपानी क्रिकेट मैदानमा युवा क्रिकेटरका लागि क्यानले आयोजना गरेको ब्याटिङ क्लिनिकमा देसाईले युवा क्रिकेटरलाई प्रशिक्षण दिएका थिए।

उनी प्रमुख प्रशिक्षक भएर आउँदा नेपाली टिम आईसीसी विश्वकप लिग २ मा खराब अवस्थाबाट गुज्रिरहेको थियो। देसाईकै प्रशिक्षणमा नेपालले सो लिगका पछिल्ला १२ मध्ये ११ खेलमा जित निकाल्दै विश्वकप ग्लोबल छनोटमा स्थान बनाएको थियो भने एक दिवसीय मान्यता पनि जोगाएको थियो।

उनकै कार्यकालमा नेपालले पहिलो पटक एसिया कप समेत खेलेको थियो। मोन्टीकै प्रशिक्षणमा नेपालले दोस्रो पटक टी-२० विश्वकपसमेत खेलेको थियो।

# नेपाल थाइल्यान्डसँग पराजित



**काठमाडौं/मस–** त्रिकोणात्मक अन्तर्राष्ट्रिय महिला टी-२० सिरिजअन्तर्गत दोस्रो खेलमा नेपाल थाइल्यान्डसँग पराजित भएको छ। थाइल्यान्डले नेपाललाई चार विकेटले हराएको हो।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा नेपालकी कप्तान इन्दु बर्माले टस जितेर ब्याटिङ गर्ने निर्णय लिइन्। नेपाली महिला टोलीले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर एक सय एक रन बनायो। नेपालका लागि कविता कुँवरले २५ रन बनाइन्। उनले ३२ बल खेल्ने क्रममा दुई चौकासमेत प्रहार गरिन्। यस्तै बिन्दुले २५ बलमा तीन चौका हानिन्। यस्तै कप्तान इन्दु बर्माले १५ रन बनाइन्।

बलिङतर्फ थाइल्यान्डका लागि थिपचा पुत्थावोङ्गले तीन, फन्निता माया र नाट्टाया बुचाथमले दुई दुई तथा चानिदा सुत्थीरुआङ्गले एक विकेट लिइन्।

एक सय दुई रनको विजयी लक्ष्य थाइल्यान्डले १९ ओभरमा ६ विकेट गुमाएर पूरा गऱ्यो। थाइल्यान्डका लागि नान्नापत खोन्चरोएन्कले अविजित ६० रनको योगदान दिइन्। उनले ५८ बल खेल्दै ६ चौका प्रहार गरिन्। यस्तै सुवानान खियाओतोले १४ तथा कप्तान नारुइमोल चाइवाईले १३ रन बनाइन्।

बलिङतर्फ नेपालका लागि मनिषा उपाध्यायले दुई तथा कविता कुँवर, रुविना क्षेत्री र कविता जोशीले एक एक विकेट लिइन्। यसअघि नेपाल पहिलो खेलमा नेदरल्याण्ड्ससँग २० रनले पराजित भएको थियो। थाइल्यान्डले भने आफ्नो पहिलो खेलमा नेदरल्याण्ड्सलाई आठ विकेटले पराजित गरेको थियो।

# राम गोरखा माविलाई उपाधि




**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, १९ माघ

कपिलवस्तुको कृष्णनगर नगरपालिकामा सम्पन्न तेस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८१ को उपाधि राम गोरखा माध्यमिक विद्यालयले जितेको छ। नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा राम गोरखा माविको खेल मैदानमा सम्पन्न प्रतियोगितामा राम गोरखा माविले ९ स्वर्ण, १० रजत र ३ कांस्य पदकसहित कूल २२ पदक प्राप्त गर्दै प्रथम स्थान हासिल गऱ्यो।

यसैगरी, नेत्रज्योति माध्यमिक विद्यालयले १८ पदकसहित दोस्रो स्थान तथा सेन्ट ज्युडस कृष्णनगरले ६ पदकसहित तेस्रो स्थान प्राप्त गऱ्यो। प्रतियोगिताका विजेता खेलाडीहरूलाई पूर्वप्रतिनिधि सभा सदस्य अभिषेक प्रताप शाह, नगरप्रमुख रजत प्रताप शाह र उपप्रमुख आरतीदेवी चौधरीले मेडल तथा प्रमाणपत्र प्रदान गरे।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि शाहले खेलकुदले विद्यार्थीहरूको मानसिक तथा शारीरिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताए। नगरप्रमुख रजत प्रताप शाहले नगरपालिकाले शिक्षा र खेलकुद क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिने उल्लेख गरे। कार्यक्रमको सञ्चालन शिक्षा शाखा प्रमुख बलराम पन्थीले गरेका थिए।

# नखिपोटमा करातेका ४८ खेलाडीको बेल्ट टेस्ट सम्पन्न



**ललितपुर/मस–** आइकेओ क्युकोशिनकाई कराते डोजो नखिपोटका ४८ जना जुनियर खेलाडीको बेल्ट टेस्ट सम्पन्न भएको छ। नखिपोटमा संचालित आइकेओ क्युकोशिनकाई कराते डोजोका ४८ जना जुनियर खेलाडीहरूको बेल्ट टेस्ट शनिबार सम्पन्न भएको डोजोका प्रमुख प्रशिक्षक सेन्सेई समीर श्रेष्ठले जानकारी दिए। शुक्रबार र शनिवार भएको बेल्ट टेस्टमा प्रमुख प्रशिक्षक श्रेष्ठ, प्रशिक्षक सेन्सेई उत्तम स्थापित र सहायक प्रशिक्षक अमित घलान लामाले खेलाडीहरूको परीक्षा लिएका थिए।

'बेल्ट टेस्टमा सहभागीहरूमध्ये ५ जनाले ग्रीन बेल्ट, १२ जनाले एल्लो, १४ जनाले ब्लु, २१ जनाले अरेन्ज र ७ जनाले ह्वाइट बेल्टको परीक्षा सम्पन्न गरेका छन्,' प्रमुख प्रशिक्षक श्रेष्ठले भने।

आइकेओ क्योकुशिनकाई नेपालका ब्रान्च चिफ शिहान दिपक लामाले बेल्ट टेस्टबाट खेलाडीहरूको क्षमताको पहिचान हुनुका साथै उनीहरूमा खेल क्षमताको अभिवृद्धि हुने बताए। 'बेल्ट टेस्टबाट खेलाडीहरूको क्षमताको पहिचान हुन्छ। प्रतिस्पर्धा गर्न सक्ने खुबी वृद्धि हुँदै जान्छ। उनीहरूले पाउने बेल्टको महत्व र बेल्टअनुसारको क्षमताको जानकारी हुन्छ,' लामाले भने। अत्यन्तै कडा मिहिनेत र अनुसाशनमा राखेर प्रशिक्षित हुन सफल भएका खेलाडीहरूको मात्रै बेल्ट परीक्षा लिएर स्तरोन्नति गरिएको प्रमुख प्रशिक्षक श्रेष्ठले बताए। '६० दिन हाजिर भएको योग्य खेलाडीहरूलाई मात्रै बेल्ट टेष्टमा सहभागी गराएका छौं, लिखित परीक्षा, बेसिक (किहोन) मापदण्डहरूको परीक्षण, स्टेपिङ, काता, कुमिते परीक्षमा पूरा गरेकाहरू बेल्ट टेस्टमा सहभागी गराउँछौं। ६० दिन हाजिर भएर पनि राम्रोसँग खेल्न नसकेकाहरूलाई बेल्ट टेस्टमा सहभागी गराइएको छैन। कडा मिहिनेत र परिश्रम बिना स्तरोन्नतिमा समावेश गराएका छैनौं,' श्रेष्ठले भने।

प्रत्येक ३ देखि ४ महिनाभित्र बेल्ट टेस्ट हुने डोजोका प्रमुख प्रशिक्षक श्रेष्ठले जानकारी गराए। २ दिनसम्म चलेको बेल्ट टेस्टमा खेलाडीहरूले पूर्ण अनुशासनमा रहेर खेलका सबै नियमहरू पालना गरेर बेल्ट परीक्षा उत्तीर्ण गरेका हुन्।

स्वीडेनको हान्बुको इन्टरनेशनल कराते अर्गनाइजेशन क्योकुशिनकाईसँग आबद्ध इन्टरनेशनल कराते अर्गनाइजेशन क्योकुशिनकाई नेपालको माताहातमा रहेको आइकेओ क्युकोशिनकाई कराते डोजोले हरेक वर्ष वार्षिक कार्यक्रमहरू तय गर्दै आएको छ। डोजोमा प्रशिक्षणमा रहने खेलाडीहरूको खेल प्रतिभा प्रदर्शन गर्ने वातावरण मिलाउँदै आएको डोजोका प्रशिक्षक स्थापितले जानकारी दिए। यस डोजोमा आबद्ध खेलाडीहरूलाई अरु संघसंस्थाले आयोजना गरेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गर्ने अवसर प्रदान गर्दै खेलाडीहरूको ज्ञान, सीप र दक्षता वृद्धि गर्न डोजो सक्रिय रहेको उनको भनाइ छ।

# बास्केटबलमा ग्रिनफिल्ड र जेसिस च्याम्पियन

**काठमाडौं/मस–** वेस्टर्न रिजन अन्तरकलेज स्पोर्ट्स मिटको बास्केटबलमा ग्रिनफिल्ड र जेसिस च्याम्पियन बनेका छन्। ग्रिनफिल्डले ब्वाइज तथा जेसिसले गर्ल्सको उपाधि जिते।

वेस्टर्न रिजनल कलेज कमिटीद्वारा आयोजित प्रतियोगिताको ब्वाइज फाइनलमा ग्रिनफिल्डले मनास्लुलाई ५८-२१ ले पराजित गऱ्यो। ग्रिनफिल्डका युनिक गुरुङले १५ अंक जोडे। गर्ल्सको उपाधि भिडन्तमा जेसिसले समृद्धिलाई १०-७ ले हरायो। जेसिसकी विप्रिशा श्रेष्ठले ६ अंक जाडिन्।

ब्वाइज फुटसलमा मनास्लु पहिलो र काठमाडौं कलेज अफ सेन्ट्रल स्टेट (केसीसीएस) दोश्रो भए। टग अफ वारको ब्वाइजमा नेपाल काष्ठमण्डप कलेज विजेता तथा केसीसीएस उपविजेता बने। गर्ल्समा समृद्धिले एडमार्कलाई पाखा लगाउदै उपाधि हात पाऱ्यो। भलिबलको ब्वाइजमा ग्रिनफिल्डले स्वर्ण तथा मनास्लुले रजत प्राप्त गरे। गर्ल्समा पनि ग्रिनफिल्ड पहिलो भयो। एडमार्क दोश्रो स्थानमा रह्यो।


## Shree Janta Model (Technical) Secondary School, Sonwarsha

Navrajpur-04, Siraha
Madhesh Province, Nepal

**Invitation for Bids**

**IFB No: JMT/NCB/WORKS/2081/82-01**
**Date of publication: 2081-10-20 (2 Feb, 2025)**

1. Shree Janta Model (Technical)Secondary School, Sonwarsha,Navrajpur-04,Siraha invites electronic bids from eligible bidders for the construction of Project mentioned below under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
2. A complete set of Bidding Documents may be downloaded the bidding document from PPMO"s e-GP system www.bolpatra.gov.np/egp. and eligible Bidders who wish to submit bid should deposit the cost of bidding document of a non-refundable fee of **NRs. 5,000.00 in** Project"s account as specified below. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank:** NMB Bank, Nawarajpur
   Name of Office: SHREE JANTA MADHYAMIC VI. SONWARSHA, Account No.: 1110070297600039
   Bid security amount and validity period must be as of mentioned below. Bidders may deposit Bid security amount in cash in Project's account below
   Name of the Bank: NMB Bank, Nawarajpur
   Name of Office : SHREE JANTA MADHYAMIC VI. SONWARSHA, Account No.: 1110070297600020
3. Bids must be valid for a period of as mentioned on BDS after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format, which shall be valid for 30 days beyond the validity period of the bid.
4. Electronic bids must be purchased till **2081-11-20 (4 March, 2025),12:00 Noon** and submitted through PPMO"s e-GP system **www.bolpatra.gov.np/egp** on or before **12.00** on **2081-11-20 (4 March 2025).** Bids received after this deadline will be rejected.
5. The Technical bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14.00** pm at Shree Janta Model (Technical) Secondary School, Sonwarsha, Navrajpur-04.
6. Bidder may submit modification or withdrawal prior to the deadline prescribed for submission of bid through e-GP system by using the forms and instructions provided by the system. Once a Bid is withdrawn, bidder will not be able to submit another bid response for the same bid.
7. Further information will be obtained from contact no 9862997685, 984902929902 or email address: jmtsonwarsha@gmail.com
8. Pre-bid meeting shall be held at Shree Janta Model (Technical) Secondary School,Sonwarsha,Navrajpur-04 on the date of 2081-11-09 (21 Feb,2025) at 12:00 Noon.
9. Other mandatory information will be as per bid document, Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 (Amended). Please notice that ammendments (if any) will be published only in http://bolpatra.gov.np/egp.

| Name of Project & Contract ID. | Bid Security Amount | Average Annual Construction Turnover of the best 3 years within last 10 Years | Specific Construction Experience | |
|---|---|---|---|---|
| | | | Minimum Work Experience of Similar size & nature | Construction Experience in Key Activities |
| Construction of RCC framed structure three storey educational Building and Lab & Laboratory Block at Nabrajpur-04, Sonbarsha (JMT/NCB/WORKS/2081/82-01) | NRs. 9,94,000.00 | NRs. 2,63,94,000.00 (without VAT) | NRs. 1,40,77,000.00 (without VAT) | 1. Reinforced Cement Concrete of M20 or above in Building Construction Projects = 356.94 Cum/year 2. Steel Reinforcement work in Building Construction Projects = 54.76 MT/year. |

**Head Master**



## नबिल बैंक लिमिटेड, लम्की शाखा, कैलालीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मिति : २०८१/१०/२०)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०१/१९ को आर्थिक दैनिक**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **लम्की शाखा, कैलाली**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

| | तपसिल |
|---|---|
| १ | **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण** |
| | प्राइभेट फर्म ऐन २०१४ तथा नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी कैलालीमा मिति २०७६/०४/२६ मा प्रा.फ.र.नं. २७३७५/०७६/७७ अन्तर्गत दर्ता भएको **श्री मेसिनरी स्टोर।** ठेगाना : कैलाली जिल्ला, लम्कीचुहा न.पा., वडा नं ०१। **ऋणी फर्मका प्रोप्राइटरः** खुसिराम चौधरी थारुकी छोरी, छोटेलाल डंगौरा थारुकी बुहारी, शकंर थारुकी श्रीमती, कैलाली जिल्ला, पथरैया गा.वि.सं. वडा नं. ०१ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला लम्कीचुहा ना.पा. वडा नं.०१ बस्ने, ना.प्र.नं. २१२०५ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. कैलाली, (जारी मितिः २०६२/१०/०३), भएकी **प्रमीला देवी थारु।** |
| | **व्यक्तिगत जमानतकर्ताको विवरण** |
| | चिंगावा डंगौरा थारुको नाती, छोटेलाल डंगौरा थारुको छोरा, कैलाली जिल्ला, पथरैया गा.वि.सं. वडा नं. ०१ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला लम्कीचुहा ना.पा. वडा नं.०१ बस्ने, नागरिकता ना.प्र.न ७५४९ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कैलाली, (मिति : बि.सं. २०५९/११/११), भएको **शकंर थारु।** |
| २ | **ऋणीको नाम र ठेगानाको विवरण** |
| | चिंगावा डंगौरा थारुको नाती, छोटेलाल डंगौरा थारुको छोरा, कैलाली जिल्ला, पथरैया गा.वि.सं. वडा नं. ०१ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला लम्कीचुहा ना.पा. वडा नं.०१ बस्ने, नागरिकता ना.प्र.न ७५४९ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कैलाली, (मिति : बि.सं. २०५९/११/११), भएको **शकंर थारु।** |
| | **व्यक्तिगत जमानतकर्ताको विवरण** |
| | खुसिराम चौधरी थारुकी छोरी, छोटेलाल डंगौरा थारुकी बुहारी, शकंर थारुकी श्रीमती, कैलाली जिल्ला, पथरैया गा.वि.सं. वडा नं. ०१ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला लम्कीचुहा ना.पा. वडा नं.०१ बस्ने, ना.प्र.नं. २१२०५ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. कैलाली, (जारी मितिः २०६२/१०/०३), भएकी **प्रमीला देवी थारु।** |
| | **श्री मेसिनरी स्टोर र शकंर थारुको लागी संयुक्त धितोको विवरण** |
| | कैलाली जिल्ला, पथरैया गा.वि.सं. वडा नं. ०१ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला लम्कीचुहा न.पा. वडा नं.०१ बस्ने, **प्रमीला देवी थारु** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कैलाली जिल्ला, वलिया गा.वि.सं. वडा नं ०८ नक्सा सिट नं ८ मा अवस्थित कि.नं. ७३९८ क्षेत्रफल ०-०-१८-२ बिघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत। |

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **लम्की शाखा, कैलाली**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/११/०४ गते ३:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **लम्की शाखा, कैलाली**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/११/०५ गते ३:०० बजे बैंकको **लम्की शाखा, कैलाली**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ४:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **लम्की शाखा, कैलाली**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१



# ‘राज्यले चिन्न सकेन र्‍याफ्टिङ’

नेपालकै पहिलो र्‍याफ्टिङ स्कुल सिन्धुपाल्चोकको बलेफी संचालनमा आउँदै छ । नेपालमा साहसिक पर्यटनको प्रवर्द्धन, व्यावसायिक गाइड उत्पादन तथा जल खेलकुद प्रशिक्षण दिने उद्देश्यले निमार्ण गरिएको हो । र्‍याफ्टिङ स्कुल एसियाकै पहिलो पूर्ण रूपमा र्‍याफ्टिङ तथा जल खेलकुद प्रशिक्षण केन्द्रको रूपमा स्थापना भएको हो । र्‍याफ्टिङ स्कुलको आवश्यकता र नेपालमा साहसिक जल यात्राको बिस्तारमा के गर्न सकिन्छ भनेर पर्यटन व्यवसायी तथा र्‍याफ्टिङ स्कुल बनाउन नेतृत्वदायी भूमिका निर्वाह गरेका सिन्धु पर्यटन व्यवसायी संघका अध्यक्ष **नारायण श्रेष्ठ**सँग मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी ।

■ **नारायण श्रेष्ठ**, अध्यक्ष, सिन्धु पर्यटन व्यवसायी संघ

**नेपालकै पहिलो र्‍याफ्टिङ स्कुल निर्माणको उद्देश्य के हो ?**

र्‍याफ्टिङ स्कुलमा नेपालको जल पर्यटन उद्योगलाई प्रवर्द्धन गर्ने उद्देश्यका लागि संचालन हुँदै छ। र्‍याफ्टिङ स्कुलमा व्यावसायिक प्रशिक्षण दिने उद्देश्यका साथ खोलिएको हो । स्कुलमा जल उद्धार तथा प्राथमिक उपचार प्रशिक्षण, कायाकिङ, क्यानोइङ, तथा अन्य जल खेलकुदको प्रशिक्षणलगायत तालिमको व्यवस्था हुने छ ।

र्‍याफ्टिङ स्कुल स्थापनाले स्वदेशमै रोजगारीका अवसर सृजना गर्न सहयोग पुग्ने छ । र्‍याफ्टिङ स्कुलको मुख्य उद्देश्य नेपालको र्‍याफ्टिङ उद्योगलाई प्रवर्द्धन गर्नु र आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न र्‍याफ्टिङ स्कुलको परिकल्पना गरिएको हो ।

**नेपालमा र्‍याफ्टिङ व्यवसायको संभावना कस्तो छ ?**

नेपालको र्‍याफ्टिङ व्यवसाय विश्वकै उत्कृष्टमा पर्छ। सिन्धुपाल्चोकको भोटेकोशीको र्‍याफ्टिङ विश्वकै ७ औं स्थानमा पर्छ। यस्तै, कर्णाली, सुनकोशी, कालीगण्डकीलगायतका ठूला नदी अत्यधिक मात्रामा उच्च र्‍याङ्किङ भएको नदी नेपालमै पर्छ। १२ महिनै र्‍याफ्टिङ गर्न सकिने नदी नेपालमै छन्। जल पर्यटनका लागि नेपाललाई उत्कृष्ट गन्तव्य बनाउन सकिन्छ । नेपाल अत्यधिक संभावना भएको क्षेत्र समेत हो ।

तर, राज्यले अझै बुझ्न नसकेको देखिन्छ । राज्यले यसलाई अलि अवहेलना गरेको जस्तो व्यवसायीले अनुभव गरेका छन् । र्‍याफ्टिङ गर्ने अनुमति दिएको खेलामा नदी उत्खनन गर्नसमेत दिइन्छ र हाइड्रोका आयोजना बनाउनसमेत एउटै खोलामा दिँदा र्‍याफ्टिङ व्यवसाय नै धराशायी बन्ने अवस्था छ ।

नेपालमा अहिलेसम्म १६ वटा नदीले मात्र र्‍याफ्टिङका लागि अनुमति पाएका छन् । ६ हजारभन्दा नदी भएको नेपालमा १६ वटा नदीमा मात्र अनुमति दिइएको छ । १६ वटा र्‍याफ्टिङ अनुमति भएको स्थानलाई समेत अझै संरक्षणको अभाव छ। तर, र्‍याफ्टिङलाई संरक्षण गर्नका पहल छैन। व्यवसायीको भरमा र्‍याफ्टिङ व्यवसाय चलिरहेको छ । नेपालमा उच्च संभावना भएको जल पर्यटन भए पनि त्यसबाट देशले लाभ लिन सकिरहेको छैन । अब र्‍याफ्टिङको र पर्यटकको संभावना भनेर छुटयाउन आवश्यक छ ।

नेपाल उत्कृष्ट गन्तव्य भएकाले १६ होइन १६ सय वटा स्थान तोक्नुपर्छ। जल पर्यटनलाई प्रवर्द्धन गर्ने हो भने पर्यटक नेपाल भित्र्याउन धेरै मिहिनेत गर्नै पर्दैन। सानो लगानीबाट धेरै आम्दानी र पर्यटकलाई समेत रमाइलो बनाउने क्षेत्र नै र्‍याफ्टिङ हो ।

त्यसले र्‍याफ्टिङ क्षेत्रको विकासका लागि राज्यले समयमै ध्यान दिन आवश्यक छ । र्‍याफ्टिङ क्षेत्रलाई संरक्षण गर्न सकियो भने देशकै कायापलट हुन सक्छ ।

**नेपालमा र्‍याफ्टिङको अवस्था कस्तो छ ?**

नेपालमा र्‍याफ्टिङको व्यावसायिक यात्रा ५० वर्ष पुगेको छ । माउन्टेनिङ र र्‍याफ्टिङ एकै पटक नेपालमा भित्रिएको हो तर माउन्टेनिङभन्दा र्‍याफ्टिङ निकै पछाडि पारिएको छ ।

र्‍याफ्टिङका लागि भर्जिन रिभर भएका कारण नेपाल र्‍याफ्टिङका लागि प्रमुख गन्तव्य नै हो । र्‍याफ्टिङका लागि दक्ष जनशक्ति पलायन भइरहेका छन् । नेपालमा जति उत्पादन भए पनि अभाव नै छ। त्यसैले अब स्कुलको रूपमै विकास गर्नुपर्ने आवशयकता देखिएको हो ।

पछिल्लो समय विश्वभर नै र्‍याफ्टिङका लागि जनशक्तिको मागसमेत बढ्दै गएको छ । नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (नाथम)सँग सहकार्य गरेर रिभर गाइड लाइसेन्स दिने गरेका छौं । नेपालमा र्‍याफ्टिङका लागि पूर्वाधार नभएका कारण नाथमसँग सहकार्य गरेका हौं । अब र्‍याफ्टिङ स्कुलबाट काम गर्न सक्छौं । स्कुलको ९८ प्रतिशत काम सकिएको छ । मुख्य लक्ष्य नै रिभर गाइड उत्पादन गर्ने हो । अहिले पनि विश्वभर हिमालय रिभर गाइड भने पनि प्रख्यात नै छ। अहिले रिभर गाइडको रूपमा जापान, अमेरिका, युरोपदेखि खाडी मुलुकसम्म नेपाली रिभर गाइड पुगेका छन्। विश्वमै यो व्यवसायको माग छ । नेपालमै पनि रिभर गाइडको माग बढ्दो छ। नेपालमा र्‍याफ्टिङ १२ औं महिना नै चल्ने भएकाले जनशक्तिको आवश्यकता बढ्दो छ।

**अन्त्यमा, र्‍याफ्टिङ व्यवसायी अहिले कसरी संचालन भइरहेको छ ?**

कोभिडको कारण सबैभन्दा धेरै क्षति भएको क्षेत्र नै पर्यटन क्षेत्र हो । र्‍याफ्टिङ व्यवसायहरू पलायन भइसकेका छन् । तर, गत वर्षदेखि फेरि लयमा आउन थालेको छ। अब राज्यले भएको व्यवसायलाई कसरी प्रवर्द्धन गर्ने, कसरी स्थायित्व दिने, कस्ता नीति निमार्ण गर्ने भन्नेतर्फ लाग्नुपर्छ।

जल पर्यटन नेपालको पर्यटन क्षेत्रमा मेरुदण्ड बन्न सक्छ । नेपालको रोजगारी सृजना, दक्ष जनशक्ति र अर्थतन्त्रमै ठूलो सहयोग र्‍याफ्टिङले गर्ने देखिन्छ । अहिले र्‍याफ्टिङ व्यवसायी आशावादी बन्दै गएका छन् किनभने सन् २०१९ अघिकै अवस्थामा नेपालमा पर्यटक आएका छन्।

यस्तै, जलवायु परिवर्तनले विश्वभर तापक्रम बढ्दा र्‍याफ्टिङ व्यवसाय फस्टाउने देखिन्छ । त्यसैले नेपालले र्‍याफ्टिङलाई व्यवस्थित गर्न सक्ने हो भने पर्यटनबाट समृद्धिमा फड्को मार्न सकिन्छ । र्‍याफ्टिङ व्यवसायी लगानी गर्न तयार छन् तर सरकारले लगानीमैत्री वातावरण बनाउनुपर्छ।

## इप्पान र प्रोक्लाइमबीच २ हजार मेगावाट विद्युतको ‘आईरिक्स’ सम्बन्धी सम्झौता



**काठमाडौं/मस-** स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान)ले निजी क्षेत्रबाट उत्पादित २ हजार मेगावाट विद्युतको अन्तर्राष्ट्रिय नविकरणीय ऊर्जा प्रमाणपत्र (आईरिक्स) लिने सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरेको छ । इप्पानका अध्यक्ष गणेश कार्की र प्रोक्लाइमका प्रमुख कार्यकारी अधिकृत कविन कुमार कंडासामीले काठमाडौंमा आयोजित एक कार्यक्रमकाबीच समझदारीपत्र आदानप्रदान गरेका छन् ।

इप्पानले प्रोक्लाइमसँग गरेको सम्झौताले नेपालमा निजी क्षेत्रले उत्पादन गरेको २७ सय मेगावाट विद्युत मध्ये पहिलो चरणमा २ हजार मेगावाट विद्युत कार्बन ट्रेडका लागि योग्य हुनेछ । यस सम्झौतासँगै नेपालको निजी क्षेत्रले वर्षेनी करिब १ अर्ब रुपैयाँ बराबरको कार्बन व्यापार गर्न सक्ने इप्पानका अध्यक्ष गणेश कार्कीले बताए । प्रोक्लाइमका सीइओ कंडासामीले भारत, भुटान र श्रीलंकाले कार्बन व्यापारबाट फाइदा लिइरहेकोले नेपालले पनि अव यो अवसर सदुपयोग गर्न गइरहेको बताए ।अन्तर्राष्ट्रिय हाइड्रोपावर एसोसिएसन (आईएचए)का उपाध्यक्ष सुशिल पोखरेलले नेपालमा निर्माण भइरहेका जलविद्युत आयोजनाहरु सस्टेनेबल डेभलपमेन्टका मापदण्ड पूरा गरेर बनिरहेको भन्दै नेपाली आयोजनाले पनि अव छिट्टै कार्बन ट्रेडबाट पैसा पाउने बताए ।

विद्युत नियमन आयोगका अध्यक्ष डा. रामप्रसाद धितालले नेपालका लागि डिजाइन गरिएको आइरिक्स क्याल्कुलेटरको शुभारम्भ गरे । यो क्याल्कुलेटरले कति मेगावाट विद्युत उत्पादन हुँदा त्यसले वार्षिक कति रुपैयाँ बराबरको कार्बन व्यापारका लागि योग्य छ भन्ने कुरा देखाउँछ । नेपाली निजी क्षेत्रले उत्पादन गरेको २६०० मेगावाट विद्युतलाई कार्बन ट्रेडसँग जोड्दा यसले वार्षिक करिब १ अर्ब रुपैयाँ बराबरको लाभ पाउनुपर्छ । विश्व बजारमा कार्बन ट्रेड भइरहे पनि नेपालले लाभ लिन नसकेको भन्दै अध्यक्ष डा. धितालले जलविद्युतको प्रचुर सम्भावना रहेको र ३ हजार मेगावाट भन्दा बढी जलविद्युत मात्रै उत्पादन भइरहेको नेपालले अव कार्बन ट्रेडबाट पनि लाभ लिन सक्नुपर्नेमा जोड दिए ।

वन तथा वातावरण मन्त्रालयका सह-सचिव डा. महेश्वर ढकालले नेपालले वनजंगलबाट सानो स्केलमा कार्बन बिसर्जन वापतको रकम लिएपनि जलविद्युत आयोजनाले त्यो अहिलेसम्म लाभ लिन नसकेको बताए ।ऊर्जा मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रबल अधिकारीले क्षत्रिय बजारमा विद्युत निर्यात गरिरहेको नेपालले अब छिट्टै कार्बन ट्रेडबाट पनि राम्रो आम्दानी गर्नसक्ने विश्वास व्यक्त गरे। ग्लोबल कार्बन काउन्सिलका प्रबन्धक अशोक के चन्देल र ग्लोबल रिन्वेल अलाइन्सका इरिक सोल्हिमले पनि कार्यक्रमलाई सम्बोधन गर्दै चीन र भारत जस्ता शक्तिराष्ट्रको बीचमा रहेको नेपालले कार्बन ट्रेडबाट लाभ लिनुपर्ने बताएका थिए ।

## वडाध्यक्ष पोखरेलको लोभलाग्दो कृषि कर्म



**पाल्पा/मस-** स्थानीय तहमा वडाका दैनिक काम काजमा वडाध्यक्षको व्यस्तता बढ्दो छ । पालिकाका प्रमुख, उपप्रमुखभन्दा वडाध्यक्षलाई वडाभित्रका काममा भ्याइनभ्याई नै हुन्छ। वडाको व्यस्त जिम्मेवारीले घरायसी काम काज, कृषि व्यवसायमा वडाध्यक्षले समय व्यवस्थापन गर्न गाह्रो हुन्छ । तर, पाल्पाको रामपुर नगरपालिका-५ का वडाध्यक्ष दुर्गाप्रसाद पोखरेलले भने समय व्यवस्थापन गर्दै लोभलाग्दो कृषि व्यवसाय गर्दै आएका छन् ।

वडाध्यक्ष पोखरेलले भने, ‘ वडाका काममा मात्र नभई कृषि व्यवसाय, सामाजिक कार्यलाई उत्तिकै सक्रियताका साथ गर्दै आएको छु।’ व्यस्त समयका बाबजुद पनि उनको कृषि कार्यप्रतिको लगाव र मेहनत लोभलाग्दो छ । उनी वडाको जिम्मेवारी कुशलतापूर्वक निभाउँदै कृषि कार्यमा तल्लीन छन् । वडाध्यक्ष पोखरेल वडाका कामबाहेकको समय घरमा कृषि कर्म गर्नमै खटिन्छन् ।

‘वडा तहबाट गर्ने काम सकिएपछि साँझ बिहानको समयमा तरकारी, अन्नबाली लगाउने, गोडमेल गर्ने, भैंसीको हेरचाह गर्नेलगायत काममा समय बिताउँछु,’ उनले भने, ‘यसरी काम गर्दा समय बितेको पत्तो हुँदैन।’ रामपुर-५ मटेरीमा वडाध्यक्ष पोखरेलले कृषि कर्म गरेर आफ्नो जग्गा हरियाली बनाएका छन्। करिब १५ रोपनी जग्गामा तरकारी, अन्नबाली उत्पादन गरी उनले बिक्री गर्दै आएका छन् । हाल साढे पाँच रोपनी जग्गामा तरकारी खेती गरिएको छ। त्यसमध्ये साढे तीन रोपनीमा काउली, बन्दा, मुला, धनियाँ, साग छन् भने दुई रोपनीमा आलु खेती गरेको वडाध्यक्ष पोखरेलले जानकारी दिए ।




## चोभारमा इम्पावर हन्टरको वनभोज सम्पन्न



**काठमाडौं/मस-** वैदेशिक रोजगार क्षेत्रको अग्रणी संस्था इम्पावर हन्टर एचआर सोलुसन स्थापनाको दशौं वर्षमा प्रवेश गरेको छ । राजधानीको सिनामंगलमा रहेको उक्त म्यानपावर कम्पनीले हालसम्म १९ हजार ९ सय ४५ जना नेपाली कामदार यूएई, साउदी अरेबिया, मलेसिया र कुवेतलगायतका देशमा वैदेशिक रोजगारीमा पठाएको छ ।

उक्त म्यानपावर कम्पनीका म्यानेजिङ डाइरेक्टर केदारनाथ अधिकारीले गत वर्ष २ हजार ७ सय ६९ जना कामदार पठाएर धेरै कामदार पठाउने कम्पनीको सूचीमा ७ औं स्थानमा रहेको मध्यान्ह दैनिकलाई बताए। उक्त कम्पनीले चालू आर्थिक वर्षको ६ महिनाको अवधिमा १ हजार ८ सय ४२ जनालाई वैदेशिक रोजगारमा पठाएको छ ।

निरन्तररूपमा ठूलो संख्यामा नेपाली कामदारलाई वैदेशिक रोजगारमा पठाउन सफल उक्त म्यानपावर कम्पनीले विगत एक दशकदेखि ३७ जनालाई स्वदेशमै पनि आकर्षक तलब र सुविधाको रोजगारी दिन सलफ भएको छ । मुलुकका विभिन्न शहरमा ४ वटा शाखा संचालन गरेर वैदेशिक रोजगरीमा जान चाहने युवायुवतीलाई छिटो छरितो र भरपर्दो सेवा प्रदान गरिरहेको उक्त म्यानपावर कम्पनीले विशेषगरी क्लिनिङ, निर्माण, सूचना प्रविधि तथा आईटी र कन्ट्र्याक्टिङ कम्पनीमा कामदार पठाउँदै आएको पनि संचालक अधिकारीले जानकारी दिए ।

वार्षिकोत्सवका अवसरमा उक्त म्यानपावर कम्पनीले शनिबार राजधानीको चोभारमा बृहत् वनभोज कार्यक्रम सम्पन्न गरेको छ । वनभोज कार्यक्रममा पूर्वश्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री तथा नेकपा माओवादी केन्द्रका पोलिटब्युरो सदस्य रामेश्वर राय यादव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वमहासचिव तथा नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी निर्वाचनमा प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका तर्फबाट आध्यक्षका उम्मेदवार नरेश गेलाल, संघका तृतीय उपाध्यक्ष तथा मञ्च नेपालका महासचिव मिलन कट्टेल, नेपाल वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका पूर्व अध्यक्ष तथा संघको निर्वाचनमा प्रथम उपाध्यक्षका उम्मेदवार नरेन्द्रप्रसाद ढकाल, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसी, उपाध्यक्ष परमेश्वर अधिकारी, महासचिव कुन्छा दोर्जे दिमदोङ, एशोसिएसनका प्रथम उपाध्यक्ष विनोद जंग केसी, तृतीय उपाध्यक्ष सेमन्तराज न्यौपाने, संघका पूर्वतृतीय उपाध्यक्ष किशोर केसीसहित वैदेशिक रोजगार व्यवसायीका विभिन्न जातीय तथा भेगीए घटक संस्थाका वर्तमान तथा पूर्वअध्यक्षहरू र प्रतिनिधिहरूको उल्लेख्य सहभागिता रहेको थियो। वनभोज कार्यक्रममा सांगीतिक प्रस्तुति पनि रहेको थियो। संचालक अधिकारीले म्यानपावर कम्पनी, कर्मचारी परिवार र व्यवसायीबीच आपसी एकता तथा भाइचारको सम्बन्ध र भावना बलियो बनाउने उद्देश्यले वनभोज कार्यक्रम राखिएको बताए। उनले वनभोज कार्यक्रमले कला संस्कृतिको संरक्षण र कर्मचारी तथा व्यवसायीलाई तनाव मुक्त भइ रचनात्मक एवं सिर्जनात्मक कार्यमा अग्रसर हुने प्रेरणा मिल्ने भन्दै निमन्त्रणा स्वीकार गरी सहभागी भएकोमा सबैप्रति आभार प्रकट गरे ।

कम्पनीले वार्षिकोत्सवका अवसरमा उत्कृष्ट कार्यसम्पादन गर्ने केही कर्मचारीलाई पनि पुरस्कार तथा सम्मान प्रदान गरेको बताएको छ। वनभोज कार्यक्रममा यूएईस्थित रोजगारदाता कम्पनीका सीईओ सैफ हुसेनलगायतको पनि उपस्थिति रहेको थियो।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**